# सौर्य दैनिक
SOURYA NATIONAL DAILY








वर्ष ८ | अंक ३३८ | बिहीबार, २३ माघ २०७६ | Thursday, 6 February 2020 | www.souryadaily.com | पृष्ठ : ८ | मूल्य रू. ५


### ललिता निवास जग्गा प्रकरण

# चार पूर्वमन्त्रीसहित १७५ जनाविरुद्ध मुद्दा





■ सौर्य समाचार


काठमाडौं । अख्तियार दुरूपायोग अनुसन्धान आयोगले बालुवाटारको ललितानिवास प्रकरणमा चारपूर्व मन्त्री र आफ्नै पूर्वप्रमुखसहित १७५ जनाविरुद्ध भ्रष्टचारको मुद्दा दायर गरेको छ । लामो समयको अनुसन्धानपछि अख्तियारले बुधबार चार पूर्वमन्त्री, तीनपूर्वसचिवसहित भू-माफिया किटान गरिएका दुई र सबै मोहीलाई विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

अख्तियारले तत्कालीनरूपमा भौतिक योजना मन्त्रालय सम्हालेका विजयकुमार गच्छदार, डम्बर श्रेष्ठ र चन्द्रदेव जोशी, सो मन्त्रालयका तत्कालीन सचिवहरू दीप बस्न्यात, छविराज पन्त र दिनेश अधिकारीमाथि मुद्दा चलाएको छ । पन्त खिलराज रेग्मीको अन्तरिम चुनावी मन्त्रिपरिषद्मा भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्री भएका थिए । बस्न्यात भने अख्तियारका पूर्वप्रमुख आयुक्तसमेत हुन् । अख्तियारले बस्न्यात, गच्छदार, श्रेष्ठ र पन्त, हाल जिल्ला न्यायाधीश रहेका तत्कालीन कानुन उपसचिव विनोदकुमार गौतममाथि ९ करोड ६५ लाख विगो मागदाबी गरेको छ ।

त्यस्तै अधिकारी माथि ७ करोड ८ लाख, तत्कालीन मन्त्री जोशीमाथि पनि ७ करोड ८ लाख विगो मागदाबी गरिएको छ । अख्तियारले मुद्दा दायर गरेका १७५ जनामध्ये ६५ जनालाई जग्गा जफत गर्ने प्रयोजनका लागि प्रतिवादी बनाइएको हो । ५० जना कुनै न कुनै समयका जग्गाधनी हुन् । ३२ जना मोही तथा हकदार हुन् भने ६० जना सार्वजनिक पदमा भएका व्यक्तिहरू हुन् । यसैगरी सरकारी छानबिन समितिले मुमाफिया किटान गरिएका शोभाकान्त ढकाल र रामकुमार सुवेदीसहित भाटभटेनीका संचालक मिनबहादुर गुरुङविरुद्ध पनि मुद्दा दायर गरेको छ ।


बाँकी पृष्ठ २


## गच्छदार सांसदबाट निलम्बित

नेपाली कांग्रेसका उपसभापति एंव संसदीय दलका उपनेता गच्छदारमाथि मुद्दा दायर भएसँगै स्वतह निलम्बनमा परेका छन् । उनीविरुद्धको मुद्दाको अन्तिम किनारा नलागेसम्म सांसदको हैसियतमा काम गर्न र संसद् बैठकमा सहभागी हुन पाउने छैनन् ।

अख्तियारको दाबी विशेषले पुष्टि गरेमा उनको राजनीतिक यात्रा यहीबाट बिट मारिनेछ । राजनीतिक दल सम्बन्धी कानुनले भ्रष्टाचारजन्य नैतिक पतन हुने फौजदारी मुद्दामा अन्तिम अदालतबाट सजाय पाएको व्यक्ति कुनै पनि चुनावमा उम्मेदवार हुन पाउँदैन । गच्छदार त्यो अवस्थामा कांग्रेस केन्द्रीय सदस्यसमेत हुन पाउने छैनन् । उनी सुनसरीबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् । यसअघि कांग्रेसका नेताहरू


बाँकी पृष्ठ २


## पौडेल र रेग्मीले छाडे जग्गा

ललिता निवासमा जग्गा किनेका नवीन पौडेलले आफ्नो नामको जग्गा नेपाल सरकारलाई छाडिदिन मञ्जुर भएका छन् । अनुसन्धानका क्रममा अनुसन्धान अधिकृत समक्ष जग्गा छाड्न तयार भएपछि पौडेलविरुद्ध अख्तियारले जग्गा जफत प्रयोजनका लागि समेत प्रतिवादी बनाउन आवश्यक नपरेको निर्णय गरेको छ ।

नवीन नाबालक हुँदा उनका पिता हाल नेकपाका महासचिव विष्णु पौडेलले ८ आनाको दुई कित्ता जग्गा ललिता निवासमा खरिद गरेका थिए । सर्वोच्च अदालतका बहालवाला न्यायाधीश कुमार रेग्मीले पनि जग्गा छाडिदिन आफू मञ्जुर रहेको बताएपछि उनलाई प्रतिवादी बनाइएको छैन ।

पौडेल र रेग्मीको नाममा रहेको जग्गा सरकारको नाममा


बाँकी पृष्ठ २


## पूर्वप्रधानमन्त्रीद्वयलाई मुद्दा नचल्ने

जग्गा जग्गा प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईविरुद्ध मुद्दा नचल्ने निर्णय अख्तियारको बैठकले गरेको छ । सरकारी तथा सार्वजनिक जगगा व्यक्तिको नाममा गर्न सरकारका विभिन्न मन्त्रालय र निकायहरूबाट भएका गैरकानुनी कार्यलाई वैधानिकता दिलाउने प्रस्तावमा नेपाल र भट्टराई नेतृत्वको मन्त्रिपरिषद्बाट निर्णय भएको पाइएको छ ।

सर्वोच्चको विशेष इजलासले १८ असोज २०५३ मा फैसला र अख्तियार ऐनअनुसार मन्त्रिपरिषद्बाट सामूहिक रूपमा गरेका निर्णयहरू आफ्नो क्षेत्राधिकारभित्र नपर्ने भन्दै उसले भनेको छ, 'तत्कालीन प्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईको बयान भएता पनि निजीहरूको हकमा


बाँकी पृष्ठ २


## सिआइबीले पनि मुद्दा हाल्दै

बालुवाटारको ललिता निवासस्थित १ सय १४ रोपनी जग्गा हिनामिना प्रकरणमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सिआइबीले पनि मुद्दा दायर गर्ने भएको छ । सिआइबी स्रोतका अनुसार दुई सय जनाभन्दा बढीलाई एक साताभित्र मुद्दा दायर गर्ने तयारी गरेको हो ।

अख्तियारले भ्रष्टचारको मात्र मुद्दा हेर्ने भएकाले सीआईबीले मुलुकी ऐनको कीर्ते र ठगी सम्बन्धी कसूरमा अर्को मुद्दा दायर गर्ने तयारी गरेको छ । सिआइबीका प्रवक्ता बेलबहादुर पाण्डेका अनुसार उनीहरूविरुद्ध ठगी र सरकारी कागजात कीर्तेमा मुद्दा दायर हुने जानकारी दिए । यो प्रकरणमा एउटै व्यक्तिलाई धेरैवटा मुद्दा लाग्ने देखिएको छ । अख्तियारले मुद्दा दायर गरेका केही व्यक्ति सिआइबीले दायर गर्ने मुद्दामा पनि दोहोरिने


बाँकी पृष्ठ २


# भाटभटेनी सञ्चालकलाई ५० करोडको मुद्दा


■ सौर्य समाचार


काठमाडौं । भाटभटेनी सुपर मार्केटका सञ्चालक अर्थात भाटभटेनी डेभलपमेन्ट कम्पनी प्रालिका सञ्चालक मीनबहादुर गुरुङविरुद्ध विशेष अदालतमा भ्रष्टाचारका दुई मुद्दा दर्ता भएका छन् ।

बालुवाटारको सरकारी जग्गा हिनामिना प्रकरणमा मुछिएका सञ्चालक गुरुङविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ५० करोड बिगो दावी गर्दै भ्रष्टाचारका दुई मुद्दा दायर गरेको हो । अख्तियारले दायर गरेका दुई मुद्दामध्ये पहिलोमा ३९ करोड २७ लाख ६७ हजार रुपैंया बिगो दावी गरिएको छ भने अर्कोमा ११ करोड २० लाख रुपैंया बिगो दावी गरेको हो । ३९ करोड २७ लाख



६७ हजार रुपैंया विगो दावी भएको मुद्दामा उनलाई उनी आफैं जग्गा दलाली गरेको र जग्गा आफैंले पनि प्रयोगमा ल्याएको उल्लेख छ । उनको गोदाम हाउस समेत हाल सोही जग्गामा अवस्थित छ ।

त्यस्तै गरि ११ करोड २० लाख लाख रुपैंया विगो दावी भएको मुद्दामा प्रत्यक्ष हानी पुऱ्याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसूर गरेको आरोप लगाइएको छ ।


बाँकी पृष्ठ २


# कोषको करोडौं लगानी जोखिममा


■ सन्तोष पौडेल


वीरगञ्ज । पर्सा जिल्लामा गरीबी निवारण कोषको अवस्था लथालिंग, भताभुंग अवस्थामा पुगेको छ । सरकारले आव ०६५/०६६ देखि देशका करिब ४४ जिल्लामा सञ्चालन गरेको गरिबी निवारण कोष कार्यक्रम सुरुको आधा दशकसम्म पर्सामा निकै प्रभावकारी भएपनि सरकारी उदासीनताले यो कार्यक्रम अहिले असफल मात्र भएको छैन, करोडौं लगानी जोखिममा परेको छ । पर्सामा मात्र करिब ५० करोडको हाराहारीमा यो कोषमा गरिएको लगानी अहिले जोखिममा छ ।



कोषअन्तर्गत पर्सामा तत्कालीन ४४ गाविस र वीरगञ्ज उपमहानगरपालिकाका दुईवटा वडामा कार्यक्रम लागू थियो । तीन सय ६० वटा समूहहरू सक्रिय थिए । अति विपन्न, विपन्न र गरिबहरूलाई लक्षित गरेर समूह बनाइएको थियो । वार्षिकरूपमा आम्दानीबाट तीन महिना गुजारा हुने समूहको अध्यक्ष, ६ महिना गुजारा हुने सचिव र ९ महिना तथा वर्षभरि गुजारा हुने महिलाहरू सदस्य बनेका थिए । कोषको कार्यक्रम लागू भएको स्थानका महिलामा निकै जागरण आएको थियो ।

मासिकरूपमा बैठक गर्ने, समूहमा लगानी गर्ने, साँवा र ब्याज संकलन गर्ने, बैंकमा खाता खोल्ने, चेक काट्ने जस्ता कामहरूका साथै समूहको हर हिसाब राख्नेसम्मको काममा घरभित्र रहेका महिलाहरू जागृत भएका थिए । घरबाट घुम्टोमा निस्कन पनि लजाउने महिलाहरू समूहमा सक्रिय हुनुका साथै टोलमा पुरुषसरह आफ्नो समस्या आफैं समाधान गर्ने काममा निकै जागृत भएका थिए । समूहका महिलाहरू कोषको लक्षित कार्यक्रम आयआर्जन र भौतिक पूर्वाधार निर्माणमा निकै सक्रिय थिए । तीन


बाँकी पृष्ठ २

## कोरोना भाइरस
# स्वास्थ्यकर्मीलाई सुरक्षाका लागि सामग्री



■ सौर्य समाचार

काठमाडौं । सरकारले दुई हजार जनालाई कोरोना भाइरस परीक्षण गर्ने र स्वास्थ्यकर्मीलाई सुरक्षा प्रदान गर्न सामग्री खरिद गर्ने भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय त्यसका लागि फास्ट ट्र्याकबाट खरिदका लागि प्रस्तावको तयारी अन्तिम चरणमा पुर्‍याएको छ । उक्त प्रस्ताव राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले तयार पारेर स्वास्थ्य मन्त्रालयमा स्वीकृतीका लागि पठाएको हो । अब स्वास्थ्य मन्त्रालयले उक्त प्रस्ताव अर्थमा स्वीकृतिका लागि पठाउने तयारी गरेको छ । 'कोरोना भाइरस परीक्षणका लागि आवश्यक सामग्री खरिद गर्न प्रस्ताव तयार गरिएको छ,' स्वास्थ्य मन्त्रालयका उपसचिव लीला पौडेलले भने, 'केही दिनभित्रै उक्त प्रस्ताव स्वीकृतिका लागि अर्थ मन्त्रालय पठाउने तयारी भएको छ ।' चीनमा रहेका एक सय ८० जना नेपालीलाई उद्धार गर्ने तयारीमा सरकार जुटेपछि स्वास्थ्य मन्त्रालयले दुई हजार जनालाई पुग्ने परीक्षण सामग्री खरिद पक्रिया अघि बढाएको हो । सो सामग्री खरिदका लागि ८६ लाख ८० हजार रुपैयाँ लाग्ने प्रस्ताव राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले गरेको छ ।

आवश्यक बजेटका लागि स्वास्थ्यले अर्थ मन्त्रालय समक्ष आपतकालीन प्रस्ताव प्रस्तुत गर्ने तयारी गरेको हो । यसअघि कोरोना परीक्षणका लागि चाहिने सामग्री नेपाल सरकारसँग नभएका कारण सिएमडिएन भन्ने संस्थाले २ सय जनालाई पुग्ने सामग्री उपलब्ध गराएको थियो । हालसम्म सरकारी रेकर्डअनुसार चीनबाट स्वदेश फर्किएका १४ जनाको कोरोना परीक्षणमा नमूना परीक्षण गरिएको थियो ।

उनीहरूमध्ये एक जनामा मात्रै कोरोनाको जिवाणु फेला परेको मन्त्रालयले जनाएको छ । सरकारले हुन सक्ने सम्भावित घटनालाई मध्यनजर गर्दै ४३ शैयया आइसोलेसन वार्ड समेत तयार पारेको छ ।

# राम्रा कामको प्रचार हुनै सकेन : मन्त्री खतिवडा

■ सौर्य समाचार

काठमाडौं । अर्थमन्त्री डा. युवराज खतिवडाले आम सञ्चारका माध्यमबाट सरकारले गरेका राम्रा कामको पर्याप्त प्रचार हुन नसकेको बताएका छन् ।

बुधबार बल्खुमा पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागको भवन शिलान्यास गर्दै अर्थमन्त्री खतिवडाले सञ्चारमाध्यमले नागरिकमा जागरण ल्याउने र सरकारले गरेका राम्रा कामको प्रचार गर्न आवश्यक रहेको आफ्नो निष्कर्ष सुनाएका थिए ।

उनले नैतिक र सामाजिक मूल्यमा आधारित भएर पत्रकारिता गर्नुपर्नेमा जोड दिँदै नैतिक मूल्य र मान्यतालाई पाठ्यक्रममा समावेश गर्नुपर्ने सुझाव पनि दिए ।

'पत्रकारिताको अध्ययनमा प्रविधिको प्रयोगलाई बढाउनु पर्दछ । डिजिटल प्रविधिसहितको भवन निर्माण यसैको संकेत हो,' उनले भने, 'नयाँ र डिजिटल मिडियाको प्रयोगले सञ्चारमाध्यमलाई विश्वसनीय बनाउँदै लगेको छ ।'

अर्थमन्त्री खतिवडाले छापा माध्यमको लोकप्रियता अझै नघट्ने आफ्नो बुझाइ पनि राखे । 'डिजिटल मिडियाको बढ्दो प्रयोगले छापा माध्यमको लोकप्रियता घट्ने हो कि भन्ने चिन्ता व्याप्त छ, तर छापा माध्यमको आफ्नो छुट्टै महत्व रहेकाले यसको विश्वसनीयता घट्दैन भन्ने मलाई विश्वास छ,' अर्थमन्त्री खतिवडाले भने ।

उनले नेपाल टेलिभिजन र रेडियो नेपाललाई एउटै संस्थाका रूपमा विकास गर्ने गरी ऐन निर्माण गर्न लागिएको जानकारी दिँदै खोज अनुसन्धान र अन्वेषणमूलक शिक्षालाई सरकारले उच्च प्राथमिकतामा राखेकाले यसका लागि विश्वविद्यालय अनुदान आयोगलाई पर्याप्त बजेट उपलब्ध गराउन लागेको जानकारी दिए । 'प्राविधिक, वैज्ञानिक र व्यावसायिक शिक्षामा सरकारको सहयोग रहन्छ, शिक्षाको विकासका लागि सरकारले नीजि क्षेत्रसँग पनि आवश्यक सहकार्य गर्दै अघि बढ्छ,' अर्थमन्त्री खतिवडाको भनाइ थियो ।

उनले सरकारले सबै स्थानीय तहसम्म इन्टरनेटको पहुँच पुर्‍याउन लागेको पनि जानकारी दिए । कार्यक्रममा त्रिविका पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग प्रमुख चिरञ्जीवी खनालले २१ करोड ५५ लाख ९५ हजार लागतमा उक्त भवन निर्माण हुन लागेको जानकारी दिए । खनालले विभागमा जनशक्ति अभावका कारण कार्यसम्पादनमा समस्या आउने गरेको उल्लेख गर्दै आवश्यक जनशक्तिको व्यवस्था गरी काम कारवाहीलाई प्रभावकारी बनाइने बताए ।

इन्जिनियरिङ अध्ययन संस्थानका परामर्श सेवाका प्रमुख नारायण गौतमले पत्रकारिताका विविधि आयमलाई संकेत गर्ने गरी भवनको डिजाइन तयार गरिएको बताए । उनका अनुसार नयाँ बन्ने भवनमा पुस्तकालय, प्रयोगशालासहित ७० जना विद्यार्थी अट्ने कक्षा कोठा र रेडियो, टेलिभिजन प्रशारण हुने प्रविधि जडान गर्न मिल्ने व्यवस्था गरिएको छ । भवन निर्माण समितिका संयोजक देवराज अर्यालका अनुसार दुई वर्षमा बन्ने भवन साढे चार तलाको हुनेछ ।



## सिआइबीले...

बताए । 'हरेक कित्ताअनुसारको छुट्टाछुट्टै मुद्दा दायर हुन्छ। जसकारण पनि धेरै मुद्दा र धेरै व्यक्ति आकर्षित हुने भएका हुन', एसपी पाण्डेले भने । ललिता निवास प्रकरणमा सिआइबी र अख्तियारका छुट्टाछुट्टै टोलीले अनुसन्धान गरेका थिए । २०७५ चैत २८ मा गठन गरेको केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले गत शुक्रबार गृह मन्त्रालयमा आफ्नो अनुसन्धान प्रतिवेदन बुझाएको थियो ।

सीआईबीले कारबाही सिफारिस गरेकामा पूर्वमुख्य सचिव एवं हाल चीनका लागि नेपाली राजदूत लीलामणि पौड्याल, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त दीप बस्न्यात, पूर्वसचिव छविराज पन्त, दिनेशहरि अधिकारी, पूर्वसह-सचिव कलाधर देउजा, गेहनाथ भण्डारी र सुधीर शाह छन् । त्यस्तै मुख्य योजनाकार भनिएका डा. शोभाकान्त ढकाल, रामकुमार सुवेदी, भाटभटेनी सुपर मोर्कटका मीनबहादुर गुरुङ, तत्कालीन मालपोत अधिकृत हुपेन्द्रमणि केसी, भोगाधिकारी रुक्मशमशेर राणा, हेमाद्री राणा, गेहनाथ भण्डारीलाई पनि कारबाही गर्नुपर्ने भनिएको छ ।

## गच्छदार...

खुमबहादुर खड्का, चिरञ्जीवी वाग्ले, जेपी गुप्तालगायतका नेता सर्वोच्च अदालतबाट भ्रष्टाचारी ठहर भएपछि राजनीतिक जीवन समाप्त भएको थियो ।

## प्रधानमन्त्रीद्वयलाई...

गरिरहनु परेन ।' तर, मन्त्रिपरिषद्‌बाट हुने निर्णयमा पनि अख्तियारको क्षेत्राधिकार आकर्षित हुने कानुनी व्यवस्थन गर्न र ललिता निवास जग्गा प्रकरणमा समीक्षा, विश्लेषण, मूल्यांकन जेजे गर्नुपर्नेछ, त्यो गर्न सरकारलाई सुझाव दिएको छ । एउटै मन्त्रिपरिषद्‌ले गरेको निर्णयमा मन्त्री र सचिवलाई मुद्दा चलाइएको छ भने प्रधानमन्त्री र मुख्यसचिवलाई उन्मुक्ति दिइएको छ । अख्तियारले पूर्वमुख्यसचिव एवं चीनका लागि नेपाली राजदूत लीलामणि पौडेल, पूर्वमन्त्री संजय साहसहित १७ जनाविरुद्ध पनि मुद्दा नचल्ने ठहर गरेको छ ।

## पौडेल...

ल्याउन अख्तियारले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई पत्र लेखेको छ ।' उनीहरूले अनुसन्धान अधिकृत समक्ष गरेको बयान आयोगसमक्ष दिएको निवेदनमा ललितानिवास क्याम्पभित्र आफ्नो नाममा रहेका जग्गाहरू नेपाल सरकारलाई दिन मञ्जुर गरेकाले प्रतिवादी बनाउन आवश्यक नदेखिएको,' अख्तियारको अभियोगपत्रमा भनिएको छ । रेग्मीले आफू अधिवक्ता हुँदा बालुवाटारको उक्त जग्गा वकालत गरेबापत लिएको बताइएको छ ।

## चार...

### भू-माफियाविरूद्ध करोडौं मागदाबी

जग्गा प्रकरणमा सबैभन्दा बढी बिगो भू-माफिया रामकुमार सुवेदीलाई तोकिएको छ । अख्तियारले उनीविरुद्ध ५२ करोड ५१ लाख ४० हजार बिगो मागदाबीसहित मुद्दा दायर गरेको हो ।

सुवेदीपछि धेरै बिगो मागदाबी भू-माफिया शोभाकान्त ढकाल र भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङबाट गरिएको छ । दुवैबाट जनही ३९ करोड २७ लाख ६८ हजार बिगो मागदाबी गरिएको छ । उनीहरूलाई राष्ट्रसेवक कर्मचारीलाई समेत अनुचित प्रभावमा पारेर ललिता निवासभित्रको सरकारी सार्वजनिक जग्गा गैरकानुनी रूपमा दिने/दिलाउने, सरकारी जग्गा व्यक्ति विशेषका नाममा हालसाविक गर्ने/गराउने, सार्वजनिक जग्गामा कृत्रिम रूपमा अनाधिकृत व्यक्तिलाई मोही खडा गर्ने/गराउने, बालुवाटारभित्रको विशिष्ठ व्यक्ति निवासभित्रको जग्गा व्यक्तिका नाममा गर्ने/गराउनेलगायतका आरोप लगाइएको छ ।

उनीहरू यस्ता काममा आफैँ प्रत्यक्ष संलग्न भएको पाइएको उल्लेख गर्दै बदनियतपूर्वक ललिता निवास क्याम्पभित्रको अधिकांश जग्गा आफ्नो, परिवारको र आफै संलग्न कम्पनीको नाममा गरेर लाभ लिइएको आरोप पत्रमा उल्लेख गरिएको छ । उनीहरूले गैरकानुनी लाभ लिनुका साथै नेपाल सरकारलाई हानी नोक्सानी पुर्‍याएका कारण उक्त बिगो भराउने निर्णयसहित भ्रष्टाचारी करार गर्न माग गरिएको छ । यो कसुर प्रमाणित भएमा २ वर्षसम्म जेल वा विगो बराबरको जरिवाना गरी बिगोसमेत भराइनेछ ।

### राणा परिवारलाई पनि मुद्दा

अख्तियारले जग्गा धनी र मोही भनिएकामध्ये ३१ जनालाई प्रतिवादी बनाएको छ । आरोपपत्रमा जग्गा धनी दाबी गर्दै आएका रुक्मशमशेर जबरा, हाटक शमशेर जबरा, हेमन शमशेर जबरा, सुनिती राणा, शैलजा राणा, हेमाद्री शमशेर जबरालाई पनि विपक्षी बनाइएको छ ।

हेमन शमशेर, सुनिती राणा र शैलजा राणाको मृत्यु भइसकेको छ । रुक्म शमशेर कांग्रेसका स्वर्गीय नेता सुवर्ण शमशेरका छोरा हुन् । सुनिती राणा जेठी र शैलजा राणा सुवर्णकै माहिली बुहारी हुन । हेमाद्री सुनिती राणाका छोरा हुन् । अख्तियारले विपक्षी बनाएकामध्ये हाटक र हेमन सुवर्णका अर्का छोरा कञ्चन शमशेरका छोराहरू हुन । राणा परिवारलाई राष्ट्र सेवक कर्मचारी र पदाधिकारीलाई अनुचित प्रभाव पारी सरकारी, सार्वजनिक जग्गा गैरकानुनी रूपमा आफ्नो नाममा दाखिल खारेज दर्ता, हाल साविक गराई आफूलाई प्रत्यक्ष लाभ र नेपाल सरकारलाई प्रत्यक्ष हानी पुर्‍याएको अभियोग छ ।

### जग्गा जफत गरिने

सरकारले अख्तियारको मागअनुसार अब बस्ने मन्त्रिपरिषद्‌को बैठकबाट ११४ रोपनी जग्गा सरकारीकरण गर्ने भएको छ । अख्तियारले गैरआवासीय नेपाली संघ (एनआरएनए) सहित ६५ जनाको जग्गा जफत गर्न माग गरेको छ ।

भ्रष्टाचार निवारण ऐन २०५९ बमोजिम कुनै कसुर गरेको नदेखिएको तर आयोगमा भएको बयानका क्रममा जग्गा छाड्न तयार नभएकाले ऐनको दफा ८ का उपदफा ४ र दफा ४७ बमोजिम जग्गा जफत गरी सरकारको कायम गर्न माग गरिएको छ । अख्तियारले रेग्मीको कित्ता नं. ५११ र पौडेलको कि नं ३०९ र ३१५ सरकारको नाममा कायम गराउन र त्यसको जानकारी गराउन आफूलाई गराउनु भनी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई भनेको छ ।

अख्तियारको निर्णय अनुसार अब बस्ने मन्त्रिपरिषद् बैठकले सरकारी करण गरेको निर्णय गर्ने एक मन्त्रीले जानकारी दिए । भूमिसुधार मन्त्रालयको प्रस्तावमा सो जग्गा सरकारको नाममा ल्याउने निर्णय गरिने बताइएको छ ।

## भाटभटेनी...

गुरुङ जग्गा प्रकरणमा सुरुदेखि नै जोडिएर प्रत्यक्ष रुपले काम गरेको पाइएको छ । सरकारले ०२१ मंसिर १५ गते क्षतिपूर्तिरमुआब्जा दिएर खरिद गरेको २८४ रोपनीमध्ये ११२ रोपनी ४ आना जग्गा मीनबहादुर गुरुङसहित शोभाकान्त ढकाल र रामप्रसाद सुवेदीलगायतसँगको मिलोमतोमा खरिद गरेका थिए ।

व्यक्तिका नाममा सारिएको बालुवाटारको ११२ मध्ये आधाभन्दा बढी जग्गा गुरुङले लिएका थिए । उनले व्यक्तिगत, संयुक्त, भाटभटेनी सुपरमार्केट र आफन्तका नाममा जग्गा खरिद गरेका थिए । कित्ता नम्बर ७४, १३७, ४१३ का जग्गाहरु गुरुङले आफ्नै नाममा लिएका थिए । गुरुङले भाटभटेनी डेभलपर्स प्रालिका नाममा १० कित्ता जग्गा राखेको देखिन्छ । कित्ता नम्बर १०, १२, १४, १७, ५७, ५८, ७९, ८१, ८२ र २८६ को जग्गा अहिले पनि भाटभटेनीको नाममा छ । बाँकी जग्गा छोरो कल्याण लगायतका आफन्तका नाममा राखिएको छ । ०६० चैत २५ गते राज्यले मुआब्जा दिएर अधिग्रहण गरेको जग्गा खरिद गरेपछि शुरु भएको गुरुङको संलग्नता त्यसपछि भने क्रमशः निर्णायक भूमिकामा परिणत हुँदै गएको पूर्वसचिव शारदाप्रसाद त्रिताल समितिको ठहर थियो ।

## कोषको...

सय ६० वटा समूहले आ-आफ्नो क्षेत्रमा एउटा वर, पिपलको बोट रोप्नुका साथै त्यहाँ पक्की चौतारो पनि बनाएका थिए । त्यही चौतारोमा मासिक बैठक गर्ने र वातावरणमा पनि सघाउ पुग्ने उद्देश्यले वर र पिपलको बोट रोपिएको थियो । ग्रामीण क्षेत्रमा रहेका महिलाहरूको यी समूहलाई विभिन्न ११ वटा गैरसरकारी संस्थाले निगरानी गर्दै आएका थिए । गैरसरकारी संस्थाको निगरानी रहुन्जेल आव ०७१/०७२ सम्म ठीकठाक अवस्थामा सञ्चालन भएको यो कार्यक्रम त्यसपछि गैरसरकारी संस्थालाई जिम्मेवारी मुक्त गरेर सामाजिक परिचालक र परिचालिकामार्फत् काम लिन थालिएपछि समूह भताभुंग अवस्थामा पुगेको हो ।

सामाजिक परिचालक र परिचालिकाहरूलाई कोषको कार्यक्रमको नियमन गराइए पनि उनीहरूलाई मासिक तलबको व्यवस्था नगरिएको र समूहबाट उनीहरूको तलब सुविधा दिने गरिएको कारण ब्याजबाट धान्न सकेका समूहमा अहिले पनि सामाजिक परिचालकहरूको उपस्थिति छ भने अन्य समूहबाट उनीहरू पलायन भएको अवस्था छ । तीन सय ६० वटा समूहमा २० वटा समूह हेर्ने गरी एकजना सामाजिक परिचालक खटिएका थिए । २३ जनाको हाराहारीमा रहेका उनीहरूमध्ये अहिले १० प्रतिशतको मात्र उपस्थिति छ । यसैगरी, तीन सय ६० वटा समूहमध्ये करिब २० प्रतिशत मात्र अस्तित्वमा छन् । बाँकी ८० प्रतिशतको अवस्थाबारेमा कसैलाई अत्तोपत्तो छैन ।

पछिल्लो समयमा सरकारले कोषको निगरानीका लागि सम्बन्धित प्रदेश सरकारलाई जिम्मेवारी तोकेको थियो भने प्रदेशले स्थानीय तहलाई निगरानीको जिम्मेवारी तोकेको देखिन्छ । सम्बन्धित महानगर, उपमहानगर, नगर, गाउँपालिकाहरूलाई प्रदेशले निगरानीको जिम्मेवारी दिएको र पालिकाहरूले वडापालिकामा यसको दायित्व बाँडफाँड गरेको भएपनि अहिलेसम्म वडाहरूले जिम्मेवारी वहन गरेका छैनन् । वडालाई लिखित पत्र आएको पनि लामो समय भयो तर कोषको कार्यक्रम सञ्चालन भएको खण्डमा पुनः महिलाहरू सक्रिय हुने संकीर्ण सोचले कोषको कार्यक्रमलाई सक्रिय हुन दिएको छैन ।

गरिबी निवारण कोष कार्यक्रममा सक्रिय महिलाहरूको एउटा समूहलाई बढीमा ३ लाखसम्म सरकारले बजेट विनियोजन गरेको थियो । समूहमा रहेका महिलाहरूले आयआर्जनका लागि एक प्रतिशत ब्याजमा खसी, बाखा, गाई, भैंसी, सुँगुर, घोडा, तरकारी खेती, किराना पसललगायत सानातिना घरेलु उद्योगमा बढीमा ४० हजार रुपैयाँसम्म लगानी लगाएका थिए । यसले गर्दा पर्साका ग्रामीण क्षेत्रमा धेरैले रोजगारको अवसर पनि पाएका थिए ।

कोषको कार्यक्रम सञ्चालन भएको कारण अतिविपन्न, विपन्न, गरिब परिवारलाई राहत पुगेको थियो । आम्दानीबाट गुजारा गर्ने परिवारमा आएको यो परिवर्तनका कारण गाउँमा उनीहरूलाई मिटर ब्याजमा रकम उपलब्ध गराएर शोषण मात्र गर्दै आएको एकथरी रुष्ट थिए । पछि सरकारले नै यसमा रुचि नदेखाएपछि आधा दशकमा लामो फड्को मारेको कोषको कार्यक्रम अहिले आधा दशकमै पुनः पुरानै अवस्थामा आउँदैछ ।

महिलाहरूको तीन सय ६० वटा समूहमध्ये अहिले केही मात्र सक्रिय छन् । बाँकीको अवस्था कस्तो छ कसैलाई थाहा छैन । सक्रिय रहेका समूहले साँवा, ब्याज उठाएर लगानीलाई सुरक्षित राख्ने गरेका छन् भने निस्क्रिय भएकाहरूको लगानीको अवस्थाबारे कसैलाई थाहा छैन ।

# बालविवाहमा आएन कमी

■ सौर्य समाचार

काठमाडौं । बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ लागू गरी सोसम्बन्धी विविध कार्यक्रम सञ्चालनमा ल्याइए पनि बालविवाहका घटनामा भने कमी भएको देखिँदैन । राष्ट्रिय बालअधिकार परिषद्‌ले चालू आर्थिक वर्ष (साउनदेखि कात्तिकसम्म) मा विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारका आधारमा गरेको अध्ययनअनुसार २२ जिल्लामा ८० बालविवाहका घटनामा एक सय १६ बालबालिकाको विवाह भएको देखिन्छ ।

पहुँच र सचेतना अभावका कारण प्रकाशमा नआएका बालविवाहका घटना यसभन्दा बढी हुनसक्ने अनुमान गर्न सकिन्छ । बालविवाहका घटनाको वर्गीकरण गर्दा बालक र बालिका दुवै ७२ जना (३६ विवाह)ले उमेर नपुग्दै विवाह गरेका छन् भने तीन बालिकाको विवाह अनमेल तथा अस्वाभाविक उमेर अन्तर भएकासँग भएको देखिएको परिषद्‌का प्रवक्ता रामबहादुर चन्दले जानकारी दिए । साथै ४१ बालिकाको वयस्क पुरुषसँग विवाह भएको पाइएको छ ।बालविवाह भएकामध्ये आफूखुसी वा भागी विवाह ५६, अभिभावकद्वारा ३८, सामाजिक सञ्जाल र फेसबुक दुरुपयोगका कारण उमेर नपुग्दै २२ जनाको बालविवाह भएको छ । यसैगरी बालविवाहलाई लैंगिकरूपमा विश्लेषण गर्दा बालक ३६ र बालिका ८० रहेका छन् ।

जिल्लागतरूपमा हेर्दा मोरङ जिल्लामा सबैभन्दा बढी २२ बालबालिकाको बालविवाह भएको घटना प्रकाशमा आएको छ । बालविवाह गरेका केही जोडीलाई नेपाल प्रहरीले सम्झाइबुझाई गरी उनीहरूको शैक्षिक निरन्तरताका लागि अभिभावकलाई सल्लाह तथा सुझाव दिएको छ । यस अवधिमा भएका ८० बालविवाहमध्ये आठ नेपाल प्रहरीबाट र दुई बाल क्लबबाट गरी जम्मा १० बालविवाह रद्द गरिएको छ ।


**UAE मा रोजगारको अवसर** | 1. Company : STONCOR MIDDLE EAST L.L.C City : ABU DHABI

पूर्व स्वीकृत मिति: २०७६/१०/२२ चलानी नं.: ६०१५११८२ LT. No.: 231979

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing & Packaging Operators | 6 | 0 | स. काममा दक्ष | 1200 | ३७,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १ गते (13 Feb. 2020) मा हुनेछ ।

2. Company : EMIRATES GATEWAY SECURITY SERVICES LLC City : DUBAI

पूर्व स्वीकृत मिति: २०१९/०६/०४ चलानी नं.: ६०१४७४५३ LT. No.: 221090

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 19 | 5 | स. काममा दक्ष | 2000 | ६१,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन १ गते (13 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**सिल्भर कर्नर इन्टरनेशनल प्रा. लि.**

एकता टोल, सिनामंगल-९, काठमाडौं, श्रम इजाजत नं.: १११६/०७३/०७४, फोन: ४४८९९५०, ४४९१४६९
मो.: ९८५१०९६२००, ९८६०७२६७८७, ९८०११७५४९२ Email: silvercornernepal@gmail.com, Web.: silvercornerinternational.com

# 'दुईतिहाइ सरकारले वाचा गरे अनुसार काम गरेन'

■ सन्तोष पौडेल




वीरगञ्ज । नेपाली कांग्रेसका पूर्वमहामन्त्री प्रकाशमान सिंहले केपी ओलीको दुईतिहाइ सरकारले वाचाअनुसार काम गर्न नसकेको आरोप लगाएका छन् । प्रेस युनियन पर्साले वीरगञ्जमा आयोजना गरेको पत्रकार सम्मेलनमा सिंहले अहिलेको दुईतिहाइको सरकारले विकासका कुनै पनि काम गर्न नसकेको आरोप लगाएका हुन् । पूर्वउपप्रधानमन्त्रीसमेत रहेका सिंहले ओली सरकारले विकासका लागि निकासा गरेको रकमसमेत विकासमा खर्च गर्न नसकेर यो सरकार असक्षम भएको दाबी गरे ।

उनले यो सरकारले भ्रष्टाचार निर्मुल पारेको दावी गर्ने सरकारले वाइडबडीदेखि सुन काण्डसम्मको जनतालाई चित्तबुझ्दो जवाफ दिन नसकेको जिकिर समेत गरे । नेता सिंहले संघीय लोकतान्त्रिक गणत्रात्मक समावेसी संविधान आए पनि देशमा संघीयता आएको आभाष आमनेपालीलाई नभएको आरोप लगाए । उनले संविधानलाई संस्थागत गर्नका लागि यो संघीय सरकारको प्राथमिकतामा पर्नुपर्ने भएता पनि ओली सरकारले ध्यान नदिएको बताए । नेता सिंहले स्थानीय र प्रदेश सरकारसमेत संघीय सरकारको कारण समस्यामा परेको बताए । उनले अहिलेसम्म स्पष्ट कानुनको निर्माण नहुँदा स्थानीय तह र प्रदेश सरकारले प्रहरी भर्ना लगायतका काम गर्न नसकेको बताए । उनले सरकारले ठूलो काम गरेको देखाउन खोजेको तर सबै काम असफल हुँदै गएको आरोप लगाए । यातायात व्यवसायी, निर्माण व्यवसायीलाई तह लगाउने कार्यमा अगाडि बढेको सरकार अहिले कुन ठाउँमा छ भन्ने कुरा सबैले बुझिसकेको बताए । संघीय गणतान्त्रिक परिवेशमा देश पुगिसक्दा पनि सरकारले यसको मूल्य, मान्यतालाई अगाडि बढाउन नसकेको उनको आरोप थियो । बेलाबेलामा दुईतिहाइमा पुगिरहने सरकारले जनआकांक्षाअनुरूप काम गर्न नसकेको उनको भनाइ थियो । सरकारको कामकारबाहीप्रति स्वयं प्रधानमन्त्री पनि सन्तुष्ट नभएको बेलाबखतमा उनका अभिव्यक्तिबाट पुष्टि भइरहेको उनले बताए । यो सरकारले भिजिट २०२० को नारा दिए पनि करोडौं रकम खर्चेर सरकारले नारामा मात्र सीमित राखी पर्यटकहरू भित्र्याउन नसकेको टिप्पणी गरे । उनले एमसिसीको विषयमा सरकारले चाँडोभन्दा चाँडो सबैदलसँग सहमति गरेर पास गर्नुपर्नेमा जोड दिए ।

पूर्वमहामन्त्री प्रकाशमान सिंहले पार्टीभित्रको उत्पन्न विवाद समाधानका लागि तोकिएको समयमा १४औं महाधिवेशन सम्पन्न गर्न जरुरी रहेको बताएका छन् । उनले केन्द्रीय कमिटीले सार्वजनिक गरेको कार्यतालिकालाई पूर्ण रूपमा पालना गरी शान्तिपूर्ण तथा भयरहित वातावरणमा १४औं महाधिवेशन सम्पन्न गर्नुपर्ने बताएका थिए । पार्टी नेतृत्वले विधानलाई पाखा लगाई आफूखुसी गरेकाले संगठनभित्र विवाद देखिएको बताउँदै उनले विधानअनुसार महाधिवेशन सम्पन्न गर्न सकिए पार्टीभित्रको गुट समाप्त हुने विश्वाससमेत व्यक्त गरे । उनले पार्टीलाई कमजोर पार्न कांग्रेसभित्रको विवादबारे गलत किसिमको समाचार सम्प्रेषण भइरहेको बताए । नेता सिंहले सरकारले विनियोजन गरेको विकास बजेट खर्च गर्न नसक्नु सरकारको असफलता रहेको आरोप लगाए ।

नेता सिंहले नेकाले संसद्मा रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गरेको दाबी गरे । उनले सभ्य र शिष्ट तरिकाबाट नेकाले प्रतिपक्षको भूमिका निर्वाह गरिरहेको बताए । उनले अन्य बखतमा प्रतिपक्षले गर्ने उद्दण्डता नेकाले नगरेको दाबी गरे । नेता सिंहले नेकाभित्र देखिएका अनेकानेक समस्याहरूको समाधानका लागि पछिल्लो समयमा सहमतिका प्रयासहरू गरिएका भए पनि पार्टी सभापति देउवाले पुनः विचलन पैदा गर्न खोजेको आरोप लगाए । उनले नेविसंघको आगामी १४ फागुनमा स्ववियु निर्वाचन हुने हुँदा नेतृत्वदायी भूमिकाका लागि सभापतिको सहकार्यमा केन्द्रीय कमिटी गठन गरिएको बताए । उनले योबाहेक अन्य विभागीय नियुक्ति विधि विधानविपरीत हुने हुँदा त्यसमा सचेत हुन सुझाए । नेता सिंहले नेकालाई मजबुत तरिकाले अगाडि बढाउने विषयमा आफ्नो प्रयास भइरहेको बताए । केन्द्रीय कमिटीमा भएको विवादको असर जिल्ला तहमा पुगिरहेको हुनाले यसलाई अविलम्ब समाधान गरी एकताको सन्देश प्रवाह गर्ने कार्यमा निरन्तर प्रयास भइरहेको बताए ।

प्रेस युनियन पर्साका उपाध्यक्ष विजय चौहानको अध्यक्षतामा सम्पन्न भएको पत्रकार सम्मेलनमा काग्रेसका पूर्वमन्त्री सुरेन्द्र चौधरी, केन्द्रीय सदस्य एवं पूर्वमन्त्री हृदयनारायण थानी, केन्द्रीय सदस्य रामकृष्ण यादव, पूर्वसांसद राजेन्द्रबहादुर अमात्य, केन्द्रीय सदस्य सगुन बानियाँ, कांग्रेसका नेता राजकृष्ण अमात्य, प्रदेशसभा सदस्य राजेश्वर साह तेली, उपप्रमुख शान्ति कार्की, कांग्रेसका जिल्ला सचिव श्याम पटेल, श्याम पोखरेल, प्रकाश उपाध्याय, विजय सर्राफ, अरविन्द गुप्ता लगायतका नेता तथा कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

# प्रदेश-२ को गाउँगाउँमा बैंक

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

■ सौर्य समाचार

पर्सा । नेपाल बैंक लिमिटेडले प्रदेश-२ मा आक्रामक हिसाबले आफ्नो सेवा गाउँगाउँ पुऱ्याउने लक्ष्यका साथ अघि बढेको छ । प्रदेश-२ मा गत ३० कात्तिकमा शाखा रहेको बैंकले थप २ वटा शाखा स्थापना गरी ३२ वटा शाखा पुऱ्याएको छ ।नेपाल बैंक लिमिटेडकी प्रादेशिक प्रबन्धक प्रतिभा डंगोलले प्रधानमन्त्री केपी शर्मा ओलीको 'सुखी नेपाली समृद्ध नेपाल' भन्ने नारालाई अंगीकार गर्दै सरकारको नीतिअनुसार ग्रामीण भेगका सर्वसाधारणसमक्ष बैंकको कारोबारलाई पुऱ्याउने लक्ष्यका साथ बैंक शाखा स्थापना गर्न लागिपरेको र अत्यधिक सेवाग्राहीलाई बैंकसँग जोड्न बैंकले निःशुल्क खाता खोली सय रुपैयाँ पनि बचत रकम राखिरहेको उनले बताइन् ।

'बैंकका कर्मचारीहरू अहिले प्रदेश-२ का आठ जिल्लाको गाउँगाउँमा पुगेर गरिब विपन्न परिवारको निःशुल्करूपमा समृद्धि वचत खाता खोलेर बैंकको तर्फबाट सय रुपैयाँ जम्मा पनि गर्दैछन्,' उनले भनिन्, 'यसरी चालु आवको साउनदेखि मंसिरसम्म करिब ६ हजार ४ सय ३२ जनाको खाता खुलिसकेको छ ।' एकपटक खाता खुलेपछि सर्वसाधारणलाई बैंकिङ कारोबार तथा बचत गर्ने बानी बसोस् भन्ने बैंकको रणनीति रहेको उनले बताइन् ।

बैंकले रौतहटको समनपुर र महोत्तरीको मटिहानीमा शाखा विस्तार गरेको हो । यसअघि पर्सामा पाँच, बारामा दुई, रौतहटमा चार, सर्लाहीमा सात, महोत्तरीमा दुई, धनुषामा तीन, सिरहामा तीन र सप्तरीमा चार गरी कुल ३० वटा बैंकका शाखा रहेका थिए ।

बैंकसँग प्रदेश-२ मा २ लाख ६८ हजार १ सय ८६ जना वचतकर्ताको १२ अर्ब ६९ करोड रुपैयाँ निक्षेपतर्फ मौज्दात रहेको छ भने १७ हजार ४ सय २६ ऋणीमार्फत् २८ अर्ब ७२ करोड ऋण लगानी भएको प्रादेशिक प्रबन्धक प्रतिभा डंगोलले जानकारी गराइन् । बैंकसँग पेन्सनधारी खाता ९ हजार ४ सय ६५, विशेष महिला वचत खाता २९ हजार ९ सय २० र ज्येष्ठ नागरिक वचत खाता २ सय ६२ रहेको जनाइएको छ ।

# गाँजाको ढुवानी अझै रोकिएन



■ सौर्य समाचार

पर्सा । जिल्लामा रोपिएको गाँजाखेती फँडानी गरिए पनि मकवानपुर, धादिङबाट आउने गाँजाको ढुवानी भने रोकिएको छैन । जिल्ला प्रहरी कार्यालय, पर्सासमेतको टोलीले ठोरी, सखुवाप्रसौनी, पटेर्वासुगौली, जगरनाथपुर, जीराभवानी लगायतका क्षेत्रमा लुकाइछिपाइ गरिएको गाँजाखेती नष्ट गरेको थियो । सो क्षेत्रको खेत, बगर, पर्ती जग्गा र केहीले सुर्ती तथा उखु बालीमा लुकाएर गाँजाखेती गरेकोमा प्रहरीले थुप्रै ठाउँको गाँजा नष्ट गरेको थियो ।

करिब एक दशकदेखि पर्सा जिल्लामा गाँजाखेती ठूलो परिमाणमा हुन सकेको छैन । लामो समयपछि यसवर्ष छिटपुटरूपमा केही गापामा लगाइएको गाँजाखेतीलाई प्रहरीले सक्रियतापूर्वक नष्ट गरेको छ ।

तर सोही प्रहरीले मकवानपुर र धादिङबाट पर्सा जिल्लाको जंगल क्षेत्र भएर भित्रिने गाँजा, चरेस तस्करीलाई भने रोक्न सकेको छैन । मकवानपुरको लोथर, मनहरिबाट धादिङ र मकवानपुरको गाँजा, चरेस चितवन र पर्सा राष्ट्रिय निकुञ्ज भएर पर्साका विभिन्न स्थानमा भण्डारण हुने र यहाँबाट भारत जानेक्रम संस्थागतरूपमा जारी छ ।

पर्सा जिल्लामा १५ भन्दा बढी समूहले साप्ताहिक रूपमा गाँजा, चरेस भित्र्याउने र भारत पुऱ्याउने कार्यलाई निरन्तरता दिँदै आएका छन् । जंगलमार्ग हुँदै ठोरी, माडी, ओडार, निर्मलबस्ती, विजयबस्ती, सुवर्णपुर, ब्रह्मनगर, महादेवपट्टि, शंकरसरैया, सोनवर्षा, गादी, पटेर्वासुगौली, देउरिया, जानकीटोला, जगरनाथपुर, सेढवा, परसवाजस्ता ठाउँमा गाँजा, चरेस भण्डारण हुने र भारत पुऱ्याउने काम भइरहेको छ । जंगल क्षेत्रबाट यी स्थानहरूमा ठूलो परिमाणमा गाँजा, चरेस आउने गरेको छ । यससँगै अहिले केही वर्षदेखि मकवानपुर र धादिङबाट आउने गाँजा धादिङ, मनहरि, लोथर र हेटौंडाबाट विभिन्न सवारीसाधनमार्फत् सिमरा, जीतपुरमा भण्डारण हुने र त्यहाँबाट वीरगञ्ज, जीतपुर, पोखरिया सडकखण्ड हुँदै टेढा, सबैया, हरपुर, बडेर्वा, भटनी, कोइलाभार, सखुवनिया सथवल, खजुरिया, सिरही, एकटाँगा, अकवा, सोनवर्षा, मलाहीलगायतका क्षेत्रमा पुऱ्याउने र त्यहाँबाट खुला सीमाको फाइदा उठाएर भारत पुऱ्याउने गरिएको छ । धादिङ र मकवानपुरबाट भित्रिने चरेसमा सुरक्षाकर्मीहरूको मिलेमतो हुने गरेको छ । यही कारणले गर्दा अहिलेसम्म ठूलो परिमाणमा गाँजा, चरेस बरामद हुन सकेको छैन । प्रहरीले बेलाबेलामा मात्र गाँजा, चरेसविरुद्ध अभियान चलाउने गर्दछ ।

अभियान चलाउनुको कारण पनि तस्कर समूहबीच अस्वस्थ प्रतिस्पर्धा प्रमुख कारण हुने गरेको एक जना तस्करले बताए । तस्करहरूबीच सहमति भएको खण्डमा अभियान चलाइँदैन । अहिले एक वर्षदेखि पर्सा प्रहरीले यो अभियान चलाएको छैन । यसको कारण तस्करहरूबीच आपसी मनमुटाव नरहेको अनुमान गर्न सकिन्छ ।

यसअघि इप्रका पटेर्वासुगौलीले ठूलो परिमाणमा गाँजा, चरेस बरामद गर्दै आएको थियो । त्यतिखेर तस्करहरूबीच आपसी मनमुटाव चरम उत्कर्षमा भएको कारण एकले अर्काको सामान पक्रन सूचना दिने गरेको स्रोतले जनाएको छ । अहिले १५ समूहमा रहेका तस्करहरूले साप्ताहिकरूपमा दुईपटक गाँजा, चरेस पर्सामा भित्र्याउने गरेका छन् । भारतमा गाँजा, चरेसको मूल्य आकाशिएको कारण अहिले यसको तस्करी झनै मौलाएको छ । गाँजा र चरेसको कारोबार बढेपछि अहिले यसमा लाग्नेहरूको संख्या पनि बढ्दैछ । ग्रामीण क्षेत्रमा मिटर ब्याजमा पैसा लिने, खेतबारी, गरगहना धितो राखेर ऋण लिनेहरूको संख्यामा वृद्धि भइरहेको छ ।

यसको एउटै कारण हो गाँजा र चरेसको निर्वाध तस्करी । कुनै बेला भारु सय प्रतिकिलोमा पाइने गाँजा अहिले प्रतिकिलो भारु २० हजारसम्म पुगेको छ । मकवानपुर, धादिङमा आइएमईबाट पैसा पठाउने र त्यहाँबाट गाँजा, चरेस पठाउने गरिएको स्रोतले जनाएको छ ।

# विश्व क्यान्सर दिवस मनाइयो

■ सौर्य समाचार




सिरहा । हरेक वर्ष चार फेब्रुअरीमा मनाइने विश्व क्यान्सर दिवस नेपालमा 'म हुँ र म गर्न सक्छु' भन्ने नाराका साथ मनाइएको छ ।

लहान सगरमाथा एजुकेसनल एकेडेमी प्राली, लहान प्यारागन पब्लिक स्कुल र लहान एभरेस्ट कलेजको सहकार्यमा नेपाल अर्बुद रोग निवारण संस्था लहानमा जनचेतनामुलक ऱ्यालीको आयोजना गरिएको छ । नर्सिङ विद्यार्थीको सहकार्यमा क्यान्सरबाट कसरी बच्ने, सुरुआती अवस्थामा क्यान्सर कसरी चिन्ने र उपचार कसरी सहज बनाउन सकिन्छ भन्ने बारेमा अन्तर्क्रियात्मक कार्यक्रम गरिएको छ । नेपाल अर्बुद रोग निवारण संस्था लहानका सभापति अशोक अमात्याको सभापतित्वमा सम्पन्न कार्यक्रममा क्यान्सर डरलाग्दो रोग होइन, समयमै उपचार गर्न सकेमा निको पार्न सकिन्छ भन्ने तथ्यलाई जोड दिइएको थियो ।

कार्यक्रममा नेत्रहीन महिला संघका छात्राहरूका लागिसमेत विशेष जनचेतनामुलक कार्यक्रम राखिएको थियो ।

# झण्डा महोत्सव-२०७६ हुँदै

■ आलोक यादव




सिरहा । जिल्लाको सखुवनन्कारकट्टी गाउँपालिका-५ महेश्वारी थाना चोकमा दोस्रो झण्डा महोत्सव २०७६ हुने भएको छ । 'कला संस्कृति हाम्रो स्वाभिमान, समृद्ध सखुवानन्कारकट्टी हाम्रो पहिचान' भन्ने मूल नाराका साथ २३ माघदेखि ३ फागुनसम्म १० दिने उक्त महोत्सव हुने लागिको हो । यस महोत्सवको नेकपाका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डले उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

प्रदेशस्तरीय औद्यौगिक, कृषि, पर्यटन, सांस्कृतिक, सूचना, प्रविधि तथा व्यापार मेला एवं समग्र जिल्लाको पहिचान र स्थानीय उत्पादनलाई सात वटै प्रदेशमा पुऱ्याउने अपेक्षा गरिएको छ । महोत्सवमार्फत स्थानीय उत्पादनको प्रवर्द्धन, लोक संस्कृतिको जर्गेना, हस्तकला व्यवसायको खोजी तथा प्रवर्द्धन, उत्पादक र उपभोक्ताबीच सम्बन्ध अभिवृद्धि गर्ने उद्देश्य लिइएको सखुवानन्कारकट्टी झण्डा महोत्सव आयोजना मूल समारोह समितिका अध्यक्ष केदारनाथ यादवले महोत्सवमा विशेष गरी कृषि, पर्यटन, स्थानीय उत्पादन, हस्तकला, लोक संस्कृतिलाई पहिलो प्राथमिकता दिएको छ ।

महोत्सवमा स्थापित कृषि वस्तुको प्रदर्शनी स्टलमा यस क्षेत्रका अगुवा कृषकसँग कृषि क्षेत्रका समस्या र सम्भावनाबारे अन्तरक्रिया तथा कृषिसम्बन्धी परामर्शसमेत गरिनेछ । ताजा तरकारीको प्रवर्द्धन गरी निर्वाहमुखी खेती प्रणलीबाट व्यावसायिक तरकारी खेतीतर्फ कृषकलाई उन्मुख गराउन सक्ने अध्यक्ष यादवले जनाएका छन् ।

महोत्सवको अवधिमा नै यस भेगका विभिन्न जातजाति, धर्म, सम्प्रदायहरुको झाँकी प्रदर्शन गरिनेछ भने विभिन्न शैक्षिक सामग्री बृहत् पुस्तक प्रदर्शनसमेत गरिने भएको छ । विभिन्न स्थानिय, राष्ट्रिय तथा छिमेकीमुलक भारतका ख्यातिप्राप्त कलाकारहरुबाट मनोरञ्जनात्मक कार्यक्रमहरुको प्रस्तुति गरिने अध्यक्ष यादवले जानकारी दिए ।

महोत्सवमा निःशुल्क टिकटको व्यवस्था गरिएको छ । स्थानीय रूपमा निर्माण भएका हस्तकलाका सामग्रीको प्रचारप्रसार गरी तिनको बिक्री वितरण तथा र पुरस्कारको समेत व्यवस्था मिलाएको छ । महोत्सवको गतिबिधिबारे राष्ट्रिय स्तरका पत्रपत्रिका, स्थानीय एफएम, स्थानीय पत्रपत्रिका, अनलाइन लगायतका मिडियाबाट जानकारी तथा प्रचारप्रसार गराइनेछ ।

मंगलबार पत्रकार सम्मेलनमा बोल्दै यादवले महोत्सबमा जनचेतनामुलक कार्यक्रमहरू, स्वास्थ्य शिविर, बाल मनोरञ्जनका कार्यक्रम, स्थानीय प्रतिभा उजागरका कार्यक्रम, शिक्षामुलक कार्यक्रमसमेत गरिने भएको छ । प्रदेश-२ सिरहा-१ (ख) का प्रदेशसभा सदस्य अशोक यादवको प्रमुख आतिथ्यमा सम्पन्न सो सम्मेलनमा गाउँपालिका उपाध्यक्ष अमलादेवी यादव, प्रमुख प्रशासकीय अधिकृत राजकुमार दाश, नेपाल पत्रकार महासंघ शाखा सिरहाका अध्यक्ष दिनेश्वरप्रसाद गुप्ता समेतको सो सम्मेलनमा उपस्थिति रहेको थियो । प्रमुख अतिथिको आसनबाट बोल्दै यादवले भने, 'म सखुवान्नकारकट्टी गाउँपालिका बासिन्दा यस झण्डा महात्सवले धेरै नै उत्साहित भएको छु । यसले एउटा गाउँपालिकाको पहिचान राख्ने कार्य गरेको छ ।'

पत्रकार सम्मेलन सखुवान्नकारकट्टी गाउँपालिका अध्यक्ष केदारनाथ यादबको अध्यक्षतामा सम्पन्न भएको थियो । यस महोत्सवले पर्यटन वर्ष २०२० लाई सफल बनाउन सहयोगी अंग हुने समेत विश्वास लिएका छन् । महोत्सवमा ३४ लाख ५० हजार सहितको अनुमानित बजेट विनियोजन गरेका छन् ।

चिन्तन

**शिक्षाको अन्तिम विन्दु ज्ञान हो, ज्ञानको अन्तिम विन्दु चरित्र हो, तिमीले कस्तो शिक्षा लिएका छौं भन्ने कुरा तिम्रो चरित्रमा आएको सुधारले मापन गर्दछ ।**

–आचार्य चाणक्य

## सम्पादकीय


# कांग्रेस नेताहरूको हठ

प्रमुख प्रतिपक्षी दलको भूमिका कमजोर भएको विषयमा यतिवेला सर्वत्र टीका टिप्पणी गरिएको छ । संसद्मा मात्रै होइन सडकमा समेत प्रतिपक्ष नदेखिएको टिप्पणी प्रति नेपाली कांग्रेसका सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाले खासै प्रतिक्रिया दिएका छैनन् । तर, पूर्व उपसभापति प्रकाशमान सिंहले भने यस्ता टिप्पणी प्रति कडा आपत्ति जनाएका छन् । गत मंगलबार वीरगञ्जमा आयोजित एक सार्वजनिक कार्यक्रममा कांग्रेस नेता सिंहले भने– 'कम्युनिस्टहरूले जस्तो संसद्को कुर्सी भाँचेन, मन्त्रीहरूलाई लछार पछार गरेन, सडकमा उत्रेर टायर बालेन, रेलिङ भत्काएन भन्दैमा कांग्रेसले प्रतिपक्षी दलको भूमिका निर्वाह गर्न सकेन भन्न मिल्छ ? हामीले सूचना प्रविधि विधेयक, मिडिया काउन्सिल विधेयक, मानव अधिकार आयोगका बारेमा जुन विधेयक आएको छ, संविधानको मर्म र भावना विपरीत छ भनेर सम्बन्धित समिति र संसद्मा भनेका छौं ।□ संसदीय दलको नेता निर्वाचनमा उमेद्वार बनेका सिँह सभापति देउवासँग भारी मत अन्तरले पराजित भएका थिए । यति वेला संसद्मा प्रतिपक्षले आफ्नो भूमिका निर्वाह गर्न नसकेको विषयमा प्रमुख प्रतिपक्षी दलका नेता देउवाको जनस्तरमा आलोचना हुने गरेको छ । आफ्ना नेताको प्रतिरक्षा गर्नु कार्यकर्ताको कर्तव्य हो । यस मानेमा नेता सिंहको भनाइ गलत होइन । तर, प्रतिरक्षा गर्ने भन्दैमा गलत कुरालाई सही भनियो भने जनविश्वास गुम्छ ।

सरकारले जनतालाई अप्रिय लाग्ने कयौं निर्णय गरेको छ । कयौं विधेयकहरू ल्याएको छ । कतिपय विधेयकहरू संसद्मा विचाराधीन छन् भने कतिपय विधेयकहरू पारित भएर कानुन बनिसकेका छन् । यिनै कानुनमा टेकेर सरकारले कतिपय निर्णयहरू गरेको छ । उदाहरणका लागि यति होल्डिङ कम्पनीलाई उपलव्ध गराइएका महत्त्वपूर्ण जग्गाहरूलाई नै लिन सकिन्छ । यो निर्णय सरकारले कानुनअनुसार नै गरेको देखिएको छ । यो निर्णय गर्ने नियतले सरकारले एक वर्षअघि नै नेपाल ट्रस्ट विधेयक संशोधन गरिसकेको रहस्य यतिवेला खुलेको छ । विधेयक संसद्बाट सुटुक्क पारित हुँदैन । विभिन्न आठवटा चरण पूरा गर्नुपर्छ । आठ–आठ चरण पूरा भएर विधेयक पारित भएको एक वर्ष बित्न लाग्दासमेत प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस बेखबर रहेको पुष्टि भइसकेको छ । गुठी सम्बन्धि विधेयक होस् या मानव अधिकार आयोग सम्बन्धि विधेयक होस् अथवा मिडिया काउन्सिल सम्बन्धि विधेयकका सन्दर्भमा होस्, सरोकार पक्षले कैयौं दिनसम्म आन्दोलन गरेपछि मात्रै प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले बोलेको हो । गलत विधेयक आउनुमा या त नेपाली कांग्रेसका सांसद बेखबर छन्, या त मिलिभगत हो भन्ने महसुस जनताले गर्नु स्वाभाविकै हो ।

वर्तमान सरकार गठन भएको करिब दुई वर्षको यो अवधिमा प्रमुख प्रतिपक्षीदल नेपाली कांग्रेसले संसद्ीय मर्मविपरीतका केही कदम चालेको महसुस जनताले गरेका छन् । सरकारले ल्याएको नीति तथा कार्यक्रमको पक्षमा प्रमुख प्रतिपक्षले मतदान गर्नुको कारण जनताले थाह पाएका छैनन् । सत्तापक्षले विवादास्पद व्यक्तिलाई सभामुखको उम्मेदवार बनाउँदा आवाज उठाउनुको सट्टा समर्थन गर्नुको कारण पनि जनताले बुझेका छैनन् । संवैधानिक परिषद्को बैठकमा नजाने तर न्यायपरिषद्ले न्यायाधीश नियुक्तिका लागि सिफारिस गर्दा सुटुक्क प्रधानमन्त्री निवास बालुवाटार छिरेर भागबन्डा खोज्नुको कारण पनि जनताले बुझेका छैनन् । ३३ किलो सुनकाण्ड, बालुवाटारको सरकारी जग्गा व्यक्तिका नाममा दर्ता भएको काण्ड, वाइडबडी विमान खरिद काण्डलगायतका केही प्रकरणहरूमा प्रतिपक्षीदलका नेता देउवाको संलग्नताका विषयमा सरकार निकटमा मिडियामा समाचार आउनासाथ नेपाली कांग्रेसको आवाज किन मत्थर भयो ? भन्ने प्रश्न जनताले सोधिरहेका छन् । यी प्रश्नको उत्तर दिन छाडेर उल्टै जनतालाई धम्क्याउनु प्रतिपक्षको धर्म होइन । जनता सत्तापक्षसँग भन्दा पनि प्रतिपक्षसँग जनता रूष्ट हुनु भनेको धेरै नै नराम्रो संकेत हो भन्ने यर्थाथता नेपाली कांग्रेसले बुझ्नु जरी छ । कम्तीमा सरकारले के–के गलत काम गर्दै छ ? भन्ने जानकारी प्रतिपक्षले राख्नै पर्छ र यस्तो जानकारी जनतालाई बाँड्नै पर्छ । मिडियासँग निहुँ खोज्ने होइन कि सुमधुर सम्बन्ध स्थापित गर्ने कोसिस गर्नुपर्छ ।

# भङ्खालोभित्र संविधान, सभामुख र एमसिसी



हरि लम्साल

*लोकतन्त्रको नारा संविधान र पार्टीको घोषणापत्रमा लेखेर हुँदैन, नेता र दलको आचरण र व्यवहारमा देखिनुपर्छ । अहिले देश गलत संसदीय अभ्यासमा अड्केका वेला पछि गएर संवैधानिक इजलासले संसदीय विषयमा बोल्नुपर्ने अवस्था नआउला भन्न सकिन्न । वर्तमान अवस्थाले संसदीय अभ्यास एकदलीय अवधारणातर्फ बढ्दै गएको छ*

नेपालको संविधान (२०७२) घोषणापछि लागू भएको सवा चार वर्षपछि संविधान नै भङ्खालोतिर त जाने होइन भन्ने तर्क गर्न थालिएको छ । गम्भीर संवैधानिक तथा कानुनी उल्लंघन गरेको अभियोगमात्र नभई महाअभियोग लगाएर राष्ट्रका प्रमुख राष्ट्रपति-उपराष्ट्रपति एवं सर्वोच्चका न्यायाधीशलाई समेत हटाउन सक्ने संवैधानिक अधिकारप्राप्त संसद्को सभापतित्व गर्ने सभामुखको चयनमा राजनीतिक दलहरूले विशेष गरी सत्तासीन दलको असंवैधानिक र असंसदीय व्यवहारले देश आज विश्वसामु लज्जाले झुक्नुपरेको छ । लोकतन्त्रको नारा संविधान र पार्टीको घोषणापत्रमा लेखेर हुँदैन, नेता र दलको आचरण र व्यवहारमा देखिनुपर्छ । नेपालको संविधान र कानुनको गम्भीर उल्लंघन गरेमा र साथै आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको आधारमा राष्ट्रपति तथा सर्वोच्च अदालतका प्रधानन्यायाधीशलाई समेत महाभियोग लगाएर संसदीय न्यायिक प्रक्रियामा पदमुक्त गर्न सक्ने अधिकार संविधानको धारा १०१ ले संसद्लाई दिएको छ । यसरी नै धारा ९१ र ९२ ले सभामुख-उपसभामुख, राष्ट्रियसभा अध्यक्ष र उपाध्यक्षलाई पदअनुकूल आचरण नगरेको आरोपमा सम्बन्धित सदनले पदमुक्त गर्न सक्छ ।

नेपालको संविधानको धारा १२६ अनुसार नेपालको न्यायसम्बन्धी अधिकार निश्चय नै अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिन्छ । सर्वोच्च अदालतलाई मात्र 'संविधान र कानुनको अन्तिम व्याख्या गर्ने अधिकार छ' जुन सबैले बाध्यकारीरूपमा मान्नै पर्छ । त्यसैले यसलाई अभिलेख अदालत पनि भनिन्छ । संघीय संरचना र संवैधानिक इजलासका साथै स्थानीय न्यायिक समितिको संरचनाबाट घेरिएको सर्वोच्च अदालतमाथि कयौं नयाँ अभिभारा थपिँदै गएका छन् । यस अवधिमा संविधान कार्यान्वयनको थप जिम्मेवारी अदालतले बोक्नुपर्ने अवस्था छ । तर, अहिले देश गलत संसदीय अभ्यासमा अड्केका वेला पछि गएर संवैधानिक इजलासले संसदीय विषयमा बोल्नुपर्ने अवस्था नआउला भन्न सकिन्न । वर्तमान अवस्थाले संसदीय अभ्यास एकदलीय अवधारणातर्फ बढ्दै गएको छ । यद्यपि संविधानले न्यायिक अधिकार प्रयोग गर्न संविधान तथा कानुनको अन्तिम व्याख्या गर्ने सबैभन्दा माथिल्लो तहमा सर्वोच्च अदालतलाई राखेको छ । यसको नेतृत्व गर्ने जिम्मा प्रधानन्यायाधीशमाथि सुम्पिएको छ । संवैधानिक सर्वोच्चता स्वीकार गर्ने लोकतान्त्रिक मुलुकमा स्थापित यो एक विश्वव्यापी मान्यता पनि हो । तर, सर्वोच्च अदालतमाथि पनि अपवादका रुपमा बढी शक्तिशाली जनप्रतिनिधिमूलक न्यायिक अधिकार प्रयोग गर्न पाउने राजनीतिक न्यायिक निकाय संघीय संसद् छ भन्ने हामीले बिर्सनु हुँदैन । संविधानले नै संसदीय सर्वोच्चता स्वीकारेको यो शक्ति पृथकीकरणअन्तर्गत नै रहने शक्ति सन्तुलनको व्यवस्था हो ।

राजनीतिक तथा संवैधानिक आधारमा नेपाल सार्वभौमिक, अखण्ड र स्वतन्त्र राज्य हो, जसको सार्वभौमसत्ता र राजकीय सत्ता जनतामा निहीत छ ।

*मित्रराष्ट्रहरू नेपालको दलीय संसदीय विचलनबाट अचम्मित भएका छन् । यस्ता नेतालाई निर्वाचित गरेकोमा मतदाताले आफैंलाई धिक्कार्न थालेका छन् । स्वतन्त्र र निष्पक्ष न्यायिक अधिकार प्रयोग गर्नुपर्ने संसद्का सभामुख र उपसभामुखलाई दलीय निर्णयबाट राजीनामा दिन आदेश जारी गर्ने असंवैधानिक र असंसदीय संस्कारको विकास भयो । यसलाई रोक्नु जरूरी छ*

संविधानको धारा १ ले संविधानलाई मूल कानुन भनेको छ, अनि धारा २ र ५६ मा जनतामा निहीत राज्यशक्तिको प्रयोग यसै संविधानमा व्यवस्था गरिएको संघीय गणतन्त्रात्मक संरचनाद्वारा हुने किटानी छ । लामो अवरोध, गलत दलीय परामर्श र अभ्यासतर्फ संसद् उन्मुख हुन थाल्यो । दलीय आदेश हावी हुनु स्वतन्त्र संसद्का लागि स्वस्थकर हुँदैन । मित्रराष्ट्रहरू नेपालको दलीय संसदीय विचलनबाट अचम्मित भएका छन् । यस्ता नेतालाई निर्वाचित गरेकोमा मतदाताले आफैंलाई धिक्कार्न थालेका छन् । स्वतन्त्र र निष्पक्ष न्यायिक अधिकार प्रयोग गर्नुपर्ने संसद्का सभामुख र उपसभामुखलाई दलीय निर्णयबाट राजीनामा दिन आदेश जारी गर्ने असंवैधानिक र असंसदीय संस्कारको विकास भयो । यसलाई रोक्नु जरुरी छ । यसले अस्वस्थ सत्तासीन दल र यसका अस्वस्थ नेताबाट संसदीय अभ्यास एकदलीय साम्यवादतर्फ उन्मुख हुने र गलत असंवैधानिक अभ्यासमा अघि बढ्दै जाने डर बढेको छ ।

विडम्बना छ, चार महिना लामो समयको बर्बादी र नेतृत्वको निरर्थक रस्साकस्सीपछि उम्मेदवार छानिदा पनि गौरव गर्नुपर्ने नियतिको सिकार भएको छ, नेकपा । छान्नु नै थियो एकजना सभामुख त किन चार महिनासम्म पार्टी अनिर्णयको बन्दी भयो ? यस्तै पूर्वमाओवादी कित्ताबाटै सभामुख बनाउनु थियो भने संसद् चलेपछिका महिना दिनसम्म संसद्लाई किन कुहिरोको काग बनाएर राखियो ? यस्ता प्रश्नहरूले पनि नेकपाको संसदीय सत्ता, कर्म र धर्मलाई चिमोटिरहने छ । सभामुख छान्न भएका दृश्य-अदृश्य खेलहरू, राष्ट्रिय-अन्तर्राष्ट्रिय शक्ति समूहहरूका विभिन्न स्वार्थी गेमहरूको जुन स्तरमा खुल्लमखुल्ला प्रहसन भयो, यसले नेपालको संसदीय राजनीतिक सत्ता अझै पनि नेताहरूको आफ्नो विवेकको निर्णयमा मात्रै निर्भर भई अघि बढ्न सक्ने गरी परिपक्व भइनसकेको सन्देश जनस्तरमा प्रवाह भएको छ । निश्चय नै सबै घटनाक्रमले देखाउँछन् कि पुष्पकमल दाहाल 'प्रचण्ड' को मेहनत र दृढ अडानले अग्निप्रसाद सापकोटा सभामुख बने । यसले सतहमा ल्याएको बहस यही हो कि नेकपाभित्र पूर्वमाओवादी कित्ताले संवैधानिक अंगको एक प्रमुखमा पूर्ववत् मौका वा सोध-भर्ना पाउन पनि पुष्पकमल दाहालले सभामुखको पदलाई आफ्नो प्रतिष्ठाको लडाईं नै ठान्नु पर्ने थियो । दुःखद् पक्ष भनेको यसले वर्तमान नेकपामा भावनात्मक एकताको मूर्तता नपाएको सन्देश पनि दिएको छ ।

जाने-मानेका १७ जना नागरिक अगुवाहरूले विज्ञप्ति जारी गर्दै अभियोगरहित नयाँ सभामुखका लागि अपिल गर्दै गर्दा जनयुद्धकालीन मुद्दामा अभियुक्त बनाइएका नेकपाका नेता अग्निप्रसाद सापकोटा सभामुख बन्ने निर्णय सत्तारुढ नेकपाले गर्नु एउटा संयोगमात्र थियो कि नियोजित योजना ? वनमा बाघ कराउनु र खोरबाट बाख्रा हराउनुको संयोगजस्तै विवादास्पद अमेरिकी सहयोग कार्यक्रम एमसिसी संसद्बाट पास गर्ने कि नगर्ने भन्नेमा देश, संसद्, दल र नेताहरू ध्रुवीकृत भइरहेका ला नेपाल वकम्युनिष्ट पार्टी (नेकपा) का सांसद अग्निप्रसाद सापकोटालाई सभामुख बनाउन नेकपाका अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' सहमत हुनुलाई आवरणमा जति सहज निर्णयजस्तो देखिएको छ, भित्र-भित्र त्यो उति नै रहस्यमय ठानिएको छ । अग्निप्रसाद सापकोटालाई अन्तिम घडीमा एमसिसी पारित गराउने शर्तमा सभामुख बनाउने सहमति दुई अध्यक्षबीच भएको हो भने त्यो एमसिसीसँग साटिएको सभामुखको अर्थमा बुझिने छ ।

अहिले प्रश्न उठेको छ, के सापकोटालाई सभामुखमा अयोग्य सावित गरेर देशलाई पुनः मानवअधिकारका नाममा, स्वतन्त्र न्यायको सम्मानका नाममा पुनः ०६३ अघि फर्काउने त ? अन्ततः त्यही नगरी सुखै छैन । सभामुख अग्निप्रसाद सापकोटाको अग्नि परीक्षा पनि यसैलाई ठानिएको छ ।

# लैंगिक हिंसाका अनेक रूप



प्रदीप उप्रेती

घरेलु एवं यौनजन्य हिंसाको चपेटामा महिला–पुरूष दुवै वर्ग पर्ने गरेको विभिन्न तथ्यहरूले औँल्याएका छन् , तर पनि विगत केही समययता लैंगिक हिंसाको स्वरूपमा केही भिन्नपनको महसुस आमनेपाली नागरिक समाजले गर्दै आएको छ । हिजोको परिवेशमा यस क्षेत्रमा महिला समूहको उल्लेख्य संलग्नता रहेको देखिएता पनि वर्तमान अवस्थामा पुरूष सम्प्रदायको संलग्नता समेत रहन आएको तथ्यहरूले क्रमशः पुष्टी गर्दै आएको भेटीन्छ । पुरुष लैंगिक हिंसाजन्य प्रभावको दर महिला हिंसाजन्य व्यवहारको तुलनामा न्यून नै छ । यद्यपि, हिंसाजन्य व्यवहार भएकै छैन भन्ने अवस्था भने अब रहेन । तसर्थ : महिला सरह पुरूष पनि मार्मिक ढंगले प्रताडित हुने दर दैनिक रूपमा वृद्धि हुँदै गएको देखिन्छ । लैंगिक हिंसाको विविध स्वरूपअन्तर्गत पुरूषजन्य प्रवृतिका हिंसागत व्यवहारमा बैदेशिक रोजगारीको लागि विदेशिने युवा समूहको वाहुल्यताको साथै अन्य क्षेत्रमा आवद्ध पुरूष पनि अछुतो छैनन् ।

यसका अतिरिक्त पुरूष विदेशिनुको मूल कारक तत्वको रूपमा महिला समूह प्रति गरीने राज्यको नीतिले प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ । कतिपय अवस्थामा महिलाहरू स्वरोगारका लागि विदेशीने चाहना हुँदा हुँदै पनि सम्बद्ध समूहलाई वैदेशिक रोजगारको सिलसिलामा प्राप्त हुन आउने असहजताको आशंका, महिला सुरक्षा संवेदनशिलताको गम्भिरता आदि कारणले गर्दा अन्तत विदेशिनेको संख्यामा पुरूषको अत्यधिकता कायम रहन गएको मात्र हो । साथै महिला–पुरूषमा द्वन्द्वात्मक भावनाको वृद्धि हुनु जसको नकारात्मक प्रभाव स्वरूप मर्यादित घरेलु अनुशासनको उल्लंघन गर्ने सस्कृतिलाई आधुनिकताको संज्ञा दिने परिपाटीले सामाजिक विकृति निम्ताउनेछ ।

सत्यपरक यथार्थको समीपमा रहँदा–रहँदै पनि कतिपय अवस्थामा आपसि विश्वासमा आएको धुमिल व्यवहारका कारण यौन दुर्घटनाका विविध रूपहरू प्रारम्भ हुन्छन् । साथै, पुरुष घरेलु हिंसाका सर्न्दभमा कानूनी उपचार खोज्न केही हदसम्म असहजता महसुस हुने गरेको पाइयो । समूहगत हिसाबमा महिला हिंसाको तुलनामा पुरूषजन्य हिंसालाई त्यति गहन रूपमा लिन नसकेकै कारण न्यायिक उपचारको क्षेत्रमा विलम्ब हुन गई हिंसाले उग्ररूप हासिल गर्ने अवस्था तयार हुनेछ । आधुनिक संस्कृतिको विकृतिले निम्त्याएको गलत प्रभाव स्वरूप नारी एवं पुरूष समूहमा यौनप्रतिको धारणमा आएको फरकपनले पनि समस्या समाधानमा अप्ठेरो पर्न जाने देखिन्छ । यस प्रकारका व्यवहारमा सयंमता अपनाउने चेष्टा गर्ने हो भने निश्चित रूपमा नेपाली समाजमा बढ्दै गएको विविध यौनजन्य विकृतिको दरमा कमि आउनेछ ।

अत्यधिक श्रम खर्चिएर प्राप्त हुन आएको रकम अन्यत्र पलायन हुनु डरलाग्दो अवस्थाको सूत्रपात हुनु, स्वदेश फिर्तिको समयमा श्रीमान्/श्रीमती अन्यत्र लाग्ने प्रवृतिको विकास वर्तमान आधुनिक नेपाली समाजमा सामान्यीकरण जस्तै भइसकेको छ । महिलाले आफ्नो शरीर आफ्नो अधिकार भन्ने नारालाई यौन स्वतन्त्रताको रूपमा निर्भयतापूर्वक उपयोग गर्ने परिस्थितिको निमार्ण भए सम्बद्ध समूहमा सकारात्मक प्रभाव छर्न सक्षम हुने थियो । तर, कतिपय अवस्थामा यौनस्वतन्त्रताको गलत मूल्यांकन गर्ने प्रवृत्तिको विकासले यौन दुर्घटनाको दरमा तीव्रता ल्याउनेछ । वास्तवमा भन्ने हो भने रचनात्मक सोच सहितको यौन स्वतन्त्रताले समाजमा हुने र भएका लैंगिक हिसांका दरलाई क्रमश न्यून गर्दै सुरक्षाको प्रत्याभूति दिलाउने थियो । आधुनिक सूचना प्रविधिका कारण बाह्य संस्कृतिको नकारात्मक प्रभावको परिणाम, वैयक्तिक स्वतन्त्रताको नाममा उछृंखलतालाई आत्मसाथ गर्ने प्रवृतिको विकासको साथै उच्च महत्वाकांक्षी व्यक्तित्व विकासको लालसाले निम्त्याएको नकारात्मक प्रभावको रूपमा लैंगिक हिंसालाई लिन सकिन्छ । किनकि, प्रस्तुत व्यवहारको अत्यधीकताले दम्भगत व्यवहारलाई प्रश्रय दिई द्वन्द्व निम्त्याउने छ । दम्भले कालान्तरमा एक आपसमा अविश्वास सिर्जना गर्दै, लैंगिक हिंसको दरलाई वृद्धि गराउन सहयोगीको भूमिका निर्वाह गर्ने देखिन्छ ।

*महिलाले आफ्नो शरीर आफ्नो अधिकार भन्ने नारालाई यौन स्वतन्त्रताको रूपमा निर्भयतापूर्वक उपयोग गर्ने परीस्थितीको निमार्ण भए सम्बद्ध समूहमा सकारात्मक प्रभाव छर्न सक्षम हुने थियो । तर, कतिपय अवस्थामा यौनस्वतन्त्रताको गलत मूल्यांकन गर्ने प्रवृत्तिको विकासले यौन दुर्घटनाको दरमा तीव्रता ल्याउनेछ*

तसर्थ : केही हदसम्म आपसी सहमतीय व्यवहारले सहसम्बन्धको नाममा यौनजन्य गलतै व्यवहार भएता पनि गोप्य एवं सुमधुर सम्बन्धको रूपमा लिने गरेको तथ्यहरूले औँल्याएको छ ।

कुनै रीतले सम्बन्धमा तितोपनको आभाष भई तलमाथि हुन गए बलात्कार संज्ञा दिने आधुनिक यौन संस्कृतिको विकासले पुरूष सम्प्रदाय अनाहकमा नै पीडित हुन गई सामाजिक पृष्ठभूमिमा अपहेलित रहनुपर्ने अवस्था सिर्जना हुन सक्छ । यसका साथै बलात् वैवाहिक सम्बन्ध भएको आरोप–प्रत्यारोप, वैवाहिक बलात्कारको पीडाजन्य अवस्थालाई पुरूष घरेलु हिंसाअन्तर्गतका लैंगीय दुर्व्यवहारको रूपमा लिन सकिन्छ ।

प्रस्तुत अवस्थालाई सम्बद्ध समूहले सहज रूपमा व्यवस्थापन गर्न नसक्ने हो भने मनोवैज्ञानिक रूपमा अमानवीय यौन कुण्ठाको दोषमुक्त अवस्थाबाट सहजै उन्मुक्ति प्राप्त गर्न सक्ने अवस्था रहँदैन । तुलनात्मक रूपमा घरेलु हिंसाको नकारात्मक तथ्यलाई पुरुषजन्य अभिमानको कारण सहजै उजागर गर्न कतिपय अवस्थामा कठिन हुने गरेको पाईयो । कथमकदाचीत् वाहिरिन गएता पनि नागरिक समाजले विश्वास नगर्ने प्रवृतिको विकासले सम्बद्ध समुदायलाई पीडा माथि पीडा थपिने देखिन्छ । अर्को तर्फ प्रस्तुत तथ्यलाई सम्बद्ध पुरूष सम्प्रदायसँग सरोकार राख्ने अन्य समुदायले कमजोरीको रूपमा लिई दूषित यौनजन्य हिंसा अभिवृद्धि गर्न सहयोग पुग्ने गरेको तथ्यहरू दैनिक रूपमा वाहिरिदै आएको छ । जसलाई मूलतः पुरुष घरेलु हिंसाको प्रमुख कारकतत्वको रूपमा लिन सकिन्छ । अपवादबाहेक महिलाको तुलनामा पुरूष समुदायलाई धेरैहदसम्म पारिवारिक जिम्मेवारीपनको दायित्व बोध, आदम ईज्जत अनुरूपको व्यवहारमा न्यूनता, जस्ता विषयमा अनावश्यक दोष थोपर्ने संस्कृतिको विकासले लैंगिक हिम्सांको क्षेत्रमा महिलासरह पुरूष घरेलु हिंसाको दर दैनिक रूपमा अभिवृद्धि हुँदै गएको छ ।

अत : कुनै पनि समूहको एक्लो प्रयासबाट मात्र सम्पूर्ण पारिवारीक दायित्व बहन गर्न सहज नहुने हुँदा स्वावलम्बी एवं मित्तव्ययी रहन महिला–पुरूष दुवै वर्गले एक आपसमा हातेमालो गर्दै पारिवारिक सम्बन्धलाई सुमधुर रूपमा अगाडि बढाउनुपर्ने हुन्छ । प्रस्तुत संस्कृतिको विकासले घरेलु द्वन्द्वको दरमा निश्चित रूपमा कमी ल्याउनेछ । जति सहज रूपमा पुष लैंगिक हिसांलाई नागरिक समाजले लिने गरेको छ त्यो भन्दा अत्यन्त पीडादायी प्रवृतिको प्रताडनबाट सम्बद्ध समूह पिल्सीन पुगेका छन् । घरेलु हिसांको कुरा गर्दा दैनिकजसो महिला हिसांका गृतविधि मात्र उजाग्रहण हुन्छन् भने, पुरूष घरेलु हिसांका व्यवहारहरू धेरैहदसम्म लुप्तप्रायः अवस्थामा रहने हुँदा यस समूहमा जटिलताको घेरा सधैं नै अनिश्चितताको बादलमा रुमलिने गरेको पाइन्छ । जसका कारण समयमा नै समस्या पहिचान गरी समाधानको बाटोमा अवरोध खडा हुने अवस्था पैदा हुनेछ । किनकि नारी संवेदनशीलतालाई सहजै समाजले विश्वास गरी हाल्ने परम्परा रहेको छ भने, पुरुष हिंसालाई हास्यापद तर्कको उपमा दिने प्रवृतिले यस क्षेत्रमा ऋणात्मक असर देखाउने छ ।

तसर्थ : आवेग एवं प्रतिशोध साध्ने क्रियाकलापले घरेलु हिसांको जटिलतामा फस्ने प्रबल सम्भावना रहन्छ । अत : लैंगिक आडमा हुने गरेको दम्भगत व्यवहारलाई त्याग्दै आपसी समन्वयनको विकास, विना कारण एक पक्षले अर्को पक्षलाई दोषारोपण गर्ने संस्कृतिमा न्यूनता, अनावश्यक रूपमा शंका गर्ने व्यवहारले आपसी द्वन्द्व अभिवृद्धिमा सघाउ पु–याउने छ । त्यसो भएको हुँदा पारिवारीक सु–सम्बन्ध स्थापनाको लागि प्रस्तुत व्यवहारबाट अलग रहनुपर्ने हुन्छ । जसको सफल प्रयोगबाट नारी–पुरुषको सम्बन्ध विस्तारको क्षेत्रमा सकारात्मक उर्जा प्राप्त भई लैंगिक हिसां न्यूनीकरण गर्न सहयोगीको भूमिका निभाउनेछ ।

# दुई वर्षभित्र नेपालको बिजुली बंगलादेशले बाल्नेछ



**भौगोलिक सीमाका हिसाबले नेपाल र बंगलादेशको दूरी २७ किलोमिटरको छ । असल र सुमधुर सम्बन्ध भएको बंगलादेश र नेपालको खानपान, सांस्कृतिक वातावरण, भौगोलिक अवस्था र भाषिक शब्द धेरै मिल्दोजुल्दो छ । हरेक दृष्टिले निकट यी दुई देशबीचको जनस्तरको सम्बन्ध, आपसी सहयोग, व्यापार-व्यवसायको आदानप्रदान र पर्यटन प्रवर्द्धनलगायत विषयमा बंगलादेशका लागि नेपाली राजदूत डा वंशीधर मिश्रसँग उहाँकै कार्यकक्षमा राससकर्मी नारायण ढुंगानाले गरेको कुराकानी (माघ १२)को सम्पादित अंशः**

## डा. वंशिधर मिश्र , राजदूत, बंगलादेश

**रासस : नेपाल र बंगलादेशको सम्बन्ध कस्तो पाउनुभएको छ ?**

डा मिश्र : बंगलादेश स्वतन्त्र देशको रूपमा अस्तित्वमा आएदेखि नै हार्दिक, सुमधुर र घनिष्ठ सम्बन्ध रहिआएको छ। हामी बंगलादेशलाई मान्यता दिने सातौँ राष्ट्र हौँ। सन् १९७१ डिसेम्बर १६ मा स्वतन्त्र बनेको बंगलादेशले सन् १९७२ मै नेपालसँग दौत्य सम्बन्ध कायम गरेको थियो । दुई देशका बीचमा एकै प्रकारको सांस्कृतिक व्यवहार एकै खालको र खानपान, रीतिरिवाज मिल्दोजुल्दो छ। नेपाली र बंगलादेशीको भाषाका कैयौँ शब्द पनि एउटै छ । यहाँको वातावरण र भौगोलिक क्षेत्र पनि हाम्रो देशको तराईजस्तो छ । यो झण्डै २७ किलोमिटरको दूरीको सीमा रहेको देश हो, भारतमा पर्ने सडक मार्ग ३७ किलोमिटरको दूरीको छ । हामीबीच सम्बन्ध नजिक हुँदाहुँदै पनि जति भ्रमणको आदानप्रदान हुनुपर्ने हो, त्यति हुन सकेको छैन । जनस्तरको जुन सम्बन्ध हुनुपर्ने हो, जुनस्तरमा व्यापार, व्यवसाय र अन्य आदानप्रदान हुनुपर्ने हो, त्यो भएको छैन ।

**रासस : भ्रमणको आदानप्रदान हुन नसक्नाको कारण ?**

डा. मिश्र : समस्यारहित सम्बन्ध रहेको दुई मुलुकको बीचमा आदानप्रदान किन कमजोर भइरहेको छ भन्नेमा म आउनेबित्तिकै ध्यानाकर्षण भएको थियो । कारण खोज्दै जाँदा पहिलो कुरा कनेक्टिभिटीकै असहजता हो भन्ने मैले ठानेको छु । हामीसँग हवाई सम्पर्क त निरन्तर छ तर पर्याप्त छैन । पहिले तीन/चार उडान थियो, केही समयमा एउटामा मात्रै सीमित भयो । अहिले बल्ल दैनिक दुई उडान छ । सत्र करोड जनसङ्ख्या भएको देशमा दुई उडानले कति जोड्न सक्छ ? सबै जना जहाजबाट जाने भन्ने कुरा सम्भव पनि हुन्न । त्यसैले सडकमार्ग उनीहरूका लागि महत्वपूर्ण हुन्छ तर उनीहरूलाई भारतीय भिसा चाहिन्छ । त्यसमा केही समस्याहरू छन् । उनीहरूलाई भारत घुम्न बहुप्रवेशाज्ञा मिल्छ तर भारतबाट नेपाल आउँदा भिसा रद्द गरिन्छ र अर्को ट्रान्जिट भिसा लिनुपर्ने बाध्यता छ । त्यसकारण उनीहरू सीमामा पुगेर पनि फर्किएका उदाहरण छन् । दोस्रो समस्याचाहिँ बंगलादेश, नेपाल, भुटान र भारतसमेत बसेर २०१६ मा थिम्पुमा एउटा 'मोटर भेइकल एग्रिमेन्ट' गर्ने कुरा भएको थियो । यसमा भुटान पछि हटेकाले कार्यक्रम अघि बढ्न सकेको थिएन । अहिले भुटानबाहेकका तीन देश मिलेर गरौँ र गाडी चलाऔँ भन्ने भएको छ। त्यसले केही प्रगति हासिल गर्ने आशा छ। त्यसले नेपालमा पर्यटक भित्र्याउन असाध्यै सहज बनाउनेछ । त्यो भयो भने बंगलादेशबाट नेपालमा जाने व्यक्तिको संख्या गुणात्मक रूपले वृद्धि हुने कुरामा दुई मत छैन । यससँगै अन्य कुरा पनि एकसाथ लैजानुपर्छ । अहिलेको सन्दर्भमा रेल र जलमार्गको विषय पनि महत्वपूर्ण छन् ।

**रासस : नेपाल-बंगलादेशलाई रेल र जलमार्गसँग जोड्न सकिने सम्भावना पनि छ ?**

डा. मिश्र : अवश्य छ । रेल कनेक्टिभिटीको सम्भावनालाई पनि अगाडि बढाउनुपर्छ । सम्भावना उजागर हुँदै पनि गएको छ । जोगबनीबाट विराटनगर जोड्न सकिन्छ, यो व्यवस्थापन गर्न मात्रै बाँकी हो। बंगलादेशको पञ्चगढबाट न्यूँ जलपाइगुडी हुँदै हाम्रो काँकडभिट्टासम्म रेल जाँदैछ । त्यसमा जोड्न सकिन्छ। त्यस्ता अन्य ठाउँ पनि छन्, जुन नेपालबाट नजिक छ । एउटै रेलबाट बंगलादेश प्रवेश गर्न सकिन्छ र मालसामान पनि लैजान सकिन्छ । त्यो ठाउँलाई जोड्ने विषयमा पनि छलफल चलिरहेको छ । सन्धिसम्झौता गरेर व्यावहारिकरूपमा कार्यान्वयन गर्न जरूरी हुन्छ। रेलवेबाहेक जल यातायात पनि सम्भावना छ। हाम्रो सबै नदी गंगामा मिल्छ। त्यो गंगा यही बंगलादेशको पद्मा नदी हुँदै आउँछ। भारतले गंगाबाट पद्मा हुँदै मङ्गला र चितगाउँ बन्दरगाह पुगेर व्यापार गरिरहेको छ । हामी पनि गंगामा जोडिनासाथ सहज भइहाल्यो । यसरी हवाई सम्पर्कमा पनि विराटनगर, भद्रपुरलगायत क्षेत्रीय हवाई सेवाको सञ्जाल बढाउनेतर्फ पनि हाम्रो जोड छ।

**रासस : सम्पर्क सञ्जालको व्यावहारिक कार्यान्वयनमा यहाँको प्रयास के छ ?**

डा. मिश्र : हामी त्यसमा गम्भीरतापूर्वक लागेका छौँ । नेपाल भ्रमण वर्ष २०२० को शुभारम्भ गर्ने दिन जनवरी ७ मा अहिलेको रेलमन्त्री नै सहभागी हुनुहुन्थ्यो। उहाँले पनि नेपालमा रेल विभाग निर्देशक पठाउने प्रतिबद्धता जनाइसक्नुभएको छ। प्रगति होला भन्ने लागेको छ। पहल जारी छ।

**रासस : बंगालीहरू नेपाल भ्रमण गर्ने अवस्थाचाहिँ कस्तो छ ?**

डा मिश्र : त्यति धेरै जनसंख्या भएको देशमा सन् २०१८ मा झन्डै २६ हजारले मात्र भ्रमण गरेको देखियो, सन् २०१९ मा पनि त्यही हाराहारीमा छ । यो हेर्दा निकै न्यून हो । जनसंख्या हेर्दा लाखमा भ्रमण हुनुपर्ने हो । नेपाल भ्रमण वर्षमा २० लाख पर्यटक भित्र्याउने लक्ष्यअनुसार यसपालि सरकारले बंगलादेशबाट मात्रै ७२ हजार आउँछन् भन्ने लक्ष्य राखेको छ । त्योचाहिँ कम लक्ष्य हो । हाम्रो प्रयत्न भने एक लाख नघाउने भन्ने छ । सम्पर्क सञ्जालकै समस्याले कमी देखिएको हो । उच्च वर्गका मान्छेले मात्रै हवाईजहाज रूचाउँछन् । मध्यम र सामान्य मान्छेले त सडक सञ्जाल प्रयोग गर्छन् । सतह मार्गबाट धेरैभन्दा धेरै बंगलादेशी जान सक्छन् । उत्तर पश्चिम रंगपुर र राजशाही डिभिजनमा नै चार करोड मानिस छन् । नेपालको पूर्वभाग बंगलादेशको नजिक रहेको क्षेत्र हो । कतिपय त एक दिनमै गएर आउन सक्ने अवस्था छ । यस्ता क्षेत्रबाट आवागमन सहज बनाएमा भ्रमण बढ्छ ।

**रासस : नेपालीहरूचाहिँ कुन उद्देश्यले बंगलादेश आउने गर्छन् ?**

डा मिश्र : अहिलेको परिस्थितिमा नेपालबाट बंगलादेश आउने भनेको मेडिकल शिक्षाका लागि नै हो । उनीहरू यही चार हजारभन्दा बढी छन् । त्यसपछि कृषि र इन्जिनियरिङ शिक्षाका लागि छन् । बाँकी थोरै भ्रमण र व्यापार व्यवसायका छन् । नेपालबाट पनि आउने कमै छ । नेपालबाट पनि यहाँ संयुक्त लगानी हुन सक्छ । विनोद चौधरीले यहाँ चाउचाउमा लगानी सुरु गरिसक्नुभयो । यहाँका पूँजीपतिले पनि नेपालमा लगानी गर्ने सम्भावना प्रबल छ । बंगलादेशको प्राण कम्पनी जुस उत्पादन गर्न सिमरामा लगानीको चरणमा गइसक्यो भन्ने सुनेको छु ।

**रासस : भ्रमण वर्ष जारी छ, बंगलादेशबाट पर्यटक पठाउन दूतावासको पहल कस्तो छ ?**

डा. मिश्र : हामीले यहाँ जनवरी ७ तारिखमा भ्रमण वर्षको सुरुआत गर्‍यौँ । त्यसदिन यहाँका विभिन्न क्षेत्रका झन्डै ४०० मानिसलाई सहभागी गराएर भ्रमण वर्षको भव्य कार्यक्रम गर्‍यौँ । डिजिटल प्रस्तुति, फोटो प्रदर्शनी र सांस्कृतिक कार्यक्रम गर्‍यौँ। भ्रमण वर्षका लागि तीन जना बंगलादेशीलाई सद्भावनादूत बनाएका छौँ । उहाँहरू प्रतिष्ठित व्यक्ति हुनुहुन्छ । बंगलादेशबाट पहिलोपटक सगरमाथा आरोहण गर्नुभएका एमए मोहित हुनुहुन्छ । उहाँले दुईचोटि सगरमाथा आरोहण गरिसक्नुभएको छ र दुई दर्जन अन्य हिमाल चढिसक्नुभएको छ । उहाँ नेपालमा हरेक वर्ष दुईपटक टिम लिएर जानुहुन्छ । उहाँ चढेको एउटा चुचुरालाई 'नेपाल बंगलादेश फ्रेन्डसिप पिक' नै नामकरण गरिएको छ । यहाँकी प्रसिद्ध गायिका मेहरिनलाई पनि सद्भावनादूतमा नियुक्त गरेका छौँ र अत्यन्तै लोकप्रिय सिने कलाकारलाई पनि जोडेका छौँ । उहाँहरूको सहभागितामा विभिन्न ठाउँमा कार्यक्रम गर्ने योजना बनाएका छौँ । प्रवचन, प्रतियोगितात्मक कार्यक्रम गर्ने सोच छ। यहाँका १० पत्रकारलाई नेपालमा सद्भावना ट्रिपमा पनि पठाएका थियौँ । उहाँहरूले यहाँ आएर विभिन्न पत्रपत्रिकामा लेख, समाचार लेखिरहनुभएको छ । अर्को कुरा, विभिन्न छोटा डकुमेन्ट्री बनाएर प्रदर्शन गर्ने सोच पनि बनाएका छौँ ।

**रासस : गत कात्तिकमा बंगलादेशका राष्ट्रपनि मोहम्मद अब्दुल हमिदले नेपालको औपचारिक भ्रमण गर्नुभएको थियो, उक्त भ्रमणलाई यहाँका नागरिकले कसरी लिएका छन् ?**

डा. मिश्र : त्यसलाई यहाँका मानिसले असाध्यै महत्वपूर्ण र सकारात्मक रूपमा लिएका छन् । बंगलादेशको राष्ट्रप्रमुख नेपाल नगएको ३७ वर्ष भएको रहेछ। उहाँको भ्रमणले एउटा 'आइसब्रेक' नै भएको छ । उहाँले पोखरा, भक्तपुरलगायत ठाउँ पनि घुम्नुभयो । यसले राम्रो वातावरण बनाएको छ। भ्रमणले बंगलादेशलाई ठूलो प्रभाव पारेको छ र नेपाल घुम्ने चाहना जागेर आएको पाइएको छु । भ्रमणले बंगलादेशी जनतामा नेपालप्रतिको अभिरूचि र नेपाल घुम्ने चाहना जगाउने, नेपालप्रतिको आकर्षण बढाउने काम गरेको छ । हाम्रो भ्रमण निरन्तर भइरहनुपर्छ । त्यसको कडीको रूपमा परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली यही फेब्रूअरीमा यहाँ आउँदै हुनुहुन्छ। भविष्यमा सभामुखलाई पनि निम्तो जाँदै छ । यहाँका राष्ट्रपिताको जन्मशताब्दी समारोहमा भाग लिनका लागि सभामुखलाई निम्तो गरिएको छ । त्यसकारण उच्चस्तरीय भ्रमण बाक्लिने अवस्था बनेको छ । यसले हाम्रो सम्बन्धलाई उचाइमा पुर्‍याउने विश्वास छ। केही देखिएका समस्या समाधान गर्दै फड्को मार्ने गरी अगाडि बढ्नुपर्नेछ ।

**रासस : समस्या भन्नाले ?**

डा. मिश्र : अहिले हामीले गर्नुपर्ने चार कुराहरू छन् । अघि भनेजस्तै मुख्यतः कनेक्टिभिटी हो । दोस्रो भनेको व्यापार हो । त्यो व्यापारमा पहिलो नम्बरमा ऊर्जा हो । हामी बंगलादेशलाई 'ग्रिन इनर्जी' दिन सक्छौँ, नवीकरणीय ऊर्जा दिने भनेको जलविद्युत् हो । त्यसमा उहाँहरूको लगानी प्रवर्द्धन गर्ने, संयुक्त लगानी गर्ने या हामीले उत्पादन गरेको विद्युत्लाई बंगलादेश पठाउने र एउटा प्रसारण लाइन बनाउने भन्ने महत्वपूर्ण विषय हो । त्यो विषय नजिक पुगेको छ, धेरै सम्झौता भएको छ। भारतले पनि मञ्जूर गरिसकेको छ । तेस्रो भनेको पर्यटन हो । भिसा र कनेक्टिभिटीको समस्या समाधान गर्दै प्रचारप्रसारका कार्यक्रम गर्नुपर्ने मुख्य विषय छ। अर्को भनेको नियमित भ्रमण र सम्बन्ध आदानप्रदान जरूरी छ । बंगलादेश प्रविधिमा धेरै अघि बढिसकेको छ, त्यसलाई पनि प्रयोग गर्न सक्नुपर्छ । त्यसबाहेक वस्तु व्यापार हो । नेपालमा भएका धेरै कुरा चिया, कफी अम्रिसो, अदुवा, अलैंची, दालचिनी, दाल, फलफूल तरकारी, धागो पनि सप्लाई गर्न सक्छौँ । धागोको असाध्यै माग छ यहाँ । चीनबाट यहाँ ल्याइरहेका छन् । यस्ता वस्तु निर्यातमा पनि केही समस्या छन् । त्यसका लागि व्यापार सम्झौता (पिटिए) गर्न कुराकारी चलिरहेको छ। अनि विकास गर्न सहकार्यात्मक अवधारणा अघि बढ्नुपर्ने जरूरी छ ।

**रासस : बंगलादेशले नेपालको ऊर्जा किन्ने विषय कहाँ पुग्यो ?**

डा. मिश्र : नेपाल बंगलादेशबीच सबैभन्दा प्रगति भएको क्षेत्र नै ऊर्जा हो । विगतमा यसमा केही समस्या थिए जस्तै भारत भएर हामी ल्याउने कसरी ? त्यसका लागि भारतसँग लामो छलफल भयो । भारतले अन्ततः दुईवटा कुरा मञ्जुर गरिसकेको अवस्था छ । हाम्रो डेडिकेटेड विद्युतीय प्रसारण लाइन बनाउने कुरा महत्वपूर्ण थियो । त्यसमा भारतले मञ्जूर गरिसकेको छ । अनि विद्युत् प्रवाह गर्न दिन पनि उनीहरू तयार भएका छन् । यो ठूलो उपलब्धि र सकारात्मक कुरा हो । धेरै छलफलपछि बंगलादेशले नेपालमा जलविद्युत्को क्षेत्रमा लगानी गर्ने र बिजुली किन्ने लिखितै सम्झौता भएको छ । खाली कुनकुन लिने, कसले लिने र कसले लगानी गर्ने भन्ने व्यवहारमा प्रयोग गर्न मात्रै बाँकी छ । त्यसमध्ये एउटा भारतीय जलविद्युत् कम्पनीले बनाइरहेको नेपालको विद्युत् परियोजनाबाट ५०० मेगावाट बंगलादेशले किन्ने भनेर अर्को सम्झौता पनि भइसकेको छ। विद्युतीय आदानप्रदानको कुरा निकै अगाडि बढेको छ। व्यवहारमा कार्यान्वयन गरेको देख्न सक्ने अवस्था बनेको छ ।

**रासस : नेपालको विद्युत् यस वर्षदेखि बंगलादेशले प्रयोग गर्छ भन्न सकिने अवस्था छ ?**

डा. मिश्र : ठ्याक्कै भन्न सकिने अवस्था त छैन तर म के देख्छु भने दुई वर्षभित्रमा केही मात्रामा भने पनि नेपालबाट बंगलादेशमा विद्युत् पुगिसकेको हुन्छ । नेपालका विभिन्न जलविद्युत् आयोजनाले उत्पादन गरेको केही विद्युत् बंगलादेशमा सप्लाई भएको देख्न सक्छौँ । त्यसबीचमा धेरै लगानी पनि भइसकेको हुन्छ। त्यो सम्भावना नजिक बनेको छ ।

रासस : नेपालमा अघिल्लो वर्ष लगानी सम्मेलन भयो, त्यसले यहाँका व्यवसायीलाई आकर्षण गराउन सक्यो कि सकेन ?

डा. मिश्र : लगानी सम्मेलनले सकारात्मक वातावरण तयार पारेको छ । त्यसको प्रचारप्रसार जरूरी छ । नेपालभित्र संयुक्त लगानी लगाउने, एकल लगानी लगाउने वातावरण छ, सहयोग गर्छौं भनेका पनि छन् । सम्भावना नजीक रहेको महसुस गरेको छु । लगानी गर्न व्यवसायी पनि इच्छुक नै रहेको मैले पाएको छु । व्यापार अभिवृद्धि हुने आशा छ ।

**रासस : बंगलादेशी व्यापारीको लगानीको प्राथमिकता कुन क्षेत्रमा छ ?**

डा. मिश्र : वास्तवमा बंगलादेशी जलविद्युत्को क्षेत्रमा नै बढी आकर्षित देखिएका छन्। दोस्रो कुरा केही अझै अध्ययनको चरणमै छन् । जुस निर्माण गर्ने, केही बिस्कुट, एग्रोबेस उत्पादन गर्ने रुचि पनि देखिन्छ । नेपालमा कुन क्षेत्रमा लगानी गर्दा राम्रो हुन्छ भन्ने उनीहरू अझै डिसिजनमा पुगिसकेका छैनन् तर प्राथमिकता ऊर्जामा नै छ ।

**रासस : भेटिएका केही विद्यार्थीले नेपालबाट पैसा ल्याउन समस्या भएको गुनासो गरेका छन्, तपाईंलाई कतिको जानकारी छ ?**

डा. मिश्रः त्यस्ता केही समस्या छन् । त्यसबारेमा हामीले कुरा गरिरहेका छौँ । यहाँका टुर अपरेटरहरूले पैसा पठाउने कुरा, बैंकिङ प्रणालीबाट पैसा आदानप्रदान गर्ने कुरामा समस्या छन् । यसमा हामी गम्भीर छौँ । समस्या हल गर्न पहलकदमी भइरहेको छ । त्यस्तै, भिसाका कुरा छन् । विद्यार्थीलाई सुरुमा ६ महिना मात्रै भिसा दिइन्थ्यो । त्यो हल भइसकेको छ। एकै पटक चार वर्षको दिने भन्ने कुरा भएको छ। त्यसबाहेक अन्य केही सानातिना समस्या छ। हल गर्ने प्रयत्न छ ।

**रासस : नेपालले बंगलादेशबाट सिक्नुपर्ने कुरा के देख्नुहुन्छ ?**

डा. मिश्रः असाध्यै महत्वपूर्ण प्रश्न गर्नुभयो । बंगलादेश कुनै जमानामा अनिकालग्रस्त थियो । मानिसको मृत्यु कहालीलाग्दो थियो । यहाँ बाढी, समुद्री आँधीले सधैँ सताउँछ। त्यसैले विपद् व्यवस्थापनका लागि छुट्टै मन्त्रालय बनाइएको छ । यस्तो देश खाद्यान्नमा आत्मनिर्भर भएर अब निर्यात गर्न थालेको छ। अविकसित राष्ट्रबाट मध्यम आय भएको देशमा उक्लिसकेको छ । हामी नेपालीले पहिलो सिक्नुपर्ने यही हो । यहाँ तीन बाली धान हुन्छ । हाम्रोमा किन हुँदैन ? तराईमा त होला नि । तपाईं अहिले पनि बंगलाबन्दको सिमानाका जानुभयो भने नेपालमा भारीका भारी मकै र आलु गइरहेको छ। कृषिमा उनीहरू कसरी फड्को मारे, त्यो हामीले सिक्नुपर्छ । मचान बनाएर माथि तरकारी तल माछा पालिरहेका छन् । प्रविधिको प्रयोग गरेर काम गरिरहेका छन् । 'डिजिटल बंगलादेश'को स्लोगन बनाएर काम गरिरहेका छन् । आफ्नै स्याटलाइट 'बंगबन्धु स्याटलाइट एक' बनाइसके । यहाँका टेलिभिजनले आफ्नै देशको स्याटलाइट प्रयोग गर्ने भनेर कानुन नै बनाइसक्यो। व्यावहारिक प्रविधिले कसरी यहाँको सामाजिक परिवर्तनमा भूमिका खेल्यो भनेर सिक्न सक्छौँ । शैक्षिक र अनुसन्धानको तहमा आदानप्रदान गरेर एक अर्काबाट सिक्न सकिन्छ । *(ढाकाबाट फर्केपछि)*

# राजधानीमा जलरङ महोत्सव



■ नारायण ढुंगाना

काठमाडौं । जलरङबाट चित्र सिर्जना गर्ने कलाकारको सबैभन्दा ठूलो मेला ‘अन्तर्राष्ट्रिय जलरङ महोत्सव’ को यसपालिको तेस्रो संस्करण भने नेपाली कला, संस्कृति र प्राकृतिक विविधता विशेष हुने भएको छ । आगामी भदौ ३१ देखि असोज ६ गतेसम्म काठमाडौं र कास्कीको धम्पुसमा आयोजना हुने महोत्सवमा विदेशी कलाकारले समेत नेपाली कला, संस्कृति र प्राकृतिक विविधताको ‘थिम’ मा रहेर चित्र सिर्जना गर्नेछन् । उनीहरूलाई विदेशी चित्रका लागि अनुमति दिइने छैन । अन्तर्राष्ट्रिय जलरङ समाज नेपालले मंगलबार मिति घोषणा गर्दै नेपाल भ्रमण वर्ष २०२० सफल बनाउन नेपाली विषयवस्तुलाई प्राथमिकतामा राखेर महोत्सव आयोजना गर्न लागेको जनाएको छ । आयोजकका अनुसार कला पर्यटनको विकास गर्नु यसको मुख्य उद्देश्य हो । मिति घोषणालगत्तै विभिन्न देशका कलाकारले नेपाल आउने प्रतिबद्धता जनाइसकेका छन् । फिलिपिन्स, भारत, बंगलादेश र चीनका कलाकारले समूहगत रूपमै आउने बताएको समाजले जनाएको छ । हरेक दुई वर्षमा हुने महोत्सवको पहिलो संस्करण सन् २०१६ मा काठमाडौं र कास्कीको घान्द्रुकमा र दोस्रो संस्करण सन् २०१८ मा काठमाडौंसहित लुम्बिनीमा भएको थियो । यसपटक भ्रमण वर्ष २०२० को अवसरमा आयोजना हुने भएकाले महोत्सवलाई खास बनाउन लागिएको अन्तर्राष्ट्रिय जलरङ समाज नेपालका अध्यक्ष एनबी गुरुङले जानकारी दिए । ‘पर्यटन वर्षलाई जोडेर हामीले महोत्सव गर्न लागेका हौं, यसपालि विदेशी कलाकारले समेत नेपाली कला, संस्कृति र प्राकृतिक क्षेत्रको चित्र बनाउनुपर्नेछ, बाहिरको चित्र हामीले स्वीकार गर्दैनौं, महोत्सवले कलामार्फत विश्वमा नेपाली पहिचानको प्रचारप्रसार हुने अपेक्षा छ’, गुरुङले भने । उनका अनुसार यसपाली गण्डकी प्रदेश सरकार र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल पर्यटन बोर्डसँग सहकार्य गर्न लागिएको छ ।

पर्यटन प्रवर्द्धनमा कला जतिको सशक्त माध्यम अरू छैन । एउटा कलाकार नेपाल आयो भने उसले कैयौं वर्षसम्म नेपालकै चित्र सिर्जना गरिरहेको हुन्छ । ऊसँग जोडिएका लाखौंले हेरिरहेका हुन्छन् । त्यसले प्रचारप्रसारमा सहयोग पुग्छ । कलाकार विश्वराज पराजुली चित्रकार सम्बन्धित देशका कलाका दूत नै हुन् भन्छन् । महोत्सवमा कला, प्रदर्शनी, आर्ट डेमोस्ट्रेसन, अन्तर्क्रिया, स्थलगत चित्रकला कार्यशालालगायत कार्यक्रम सञ्चालन हुनेछ । विश्वका ख्यातिप्राप्त चित्रकार सहभागी गराउने लक्ष्य राखिएको महोत्सवमा ५० देशका ३५० भन्दा बढी चित्र समावेश गर्ने योजना छ । विदेशी कलाकारलाई सुरुमा समाजले नेपाली विषयवस्तुका तस्बिर पठाइनेछ । उक्त चित्र हेरेर विदेशी चित्रकारले कला सिर्जना गरी पुनः पठाउनेछन् । तयार भएकामध्ये उत्कृष्ट छनोट भएका चित्र मात्रै छनोट हुने र प्रदर्शनी गरिनेछ ।

नेपालको पूर्वदेखि पश्चिमसम्मका सातै प्रदेशको प्रतिनिधित्व हुने गरी चित्रहरू समावेश हुने समाजका सदस्य डिबी राईले बताए । मिति घोषणासँगै महोत्सवका तयारीसमेत सुरु भएको छ । रङका विभिन्न माध्यममध्ये जलरङमार्फत चित्र सिर्जना गर्ने समूह महोत्सवमा सहभागी हुनेछन् ।

# भोजपुरी सुपरस्टार नेपाल आउँदै

■ सौर्य समाचार





काठमाडौं । भारतीय भोजपुरी अभिनेता दिनेशलाल यादव निरहुआ र अभिनेत्री आम्रपाली दुबेलगायतका कलाकार नेपाल आउने भएका छन् । नेपाल भ्रमण वर्ष २०२० को अवसर पारेर आयोजना हुन लागेको ‘ मधानी महायज्ञ’ मा सहभागी हुन उनीहरू नेपाल आउन लागेका हुन् ।

रौतहटको मौलापुर क्षेत्रमा १२ सय वर्ष पुरानो मन्दिर फेला परेको अवसरमा आयोजना गर्न लागिएको महायज्ञमा सहभागी हुन अभिनेता निरहुआ र अभिनेत्री दुबे नेपाल आउन लागेका हुन् । पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका साथ आयोजना गरिएको उक्त महोत्सवमार्फत नेपाललाई अन्तर्राष्ट्रिय रूपमा चिनाउने लक्ष्य आयोजकले राखेको छ । नेपालले भ्रमण वर्ष २०२० मनाइरहेको र सोही अवसरमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको र सो कार्यक्रममा अभिनेता निरहुआ र अभिनेत्री आम्रपाली नेपाल आउने विषयलाई भारतीय सञ्चारमाध्यमले जनाएका छन् । भ्रमण वर्षमा नेपाल घुम्नका लागि विश्वभरका नागरिकहरू आतुर रहेको पनि भारतीय सञ्चारमाध्यमले जनाएका छन् । यी कलाकारसँगै गायिका इन्दु सोनाली पनि उक्त टोलीमा रहने छिन् । त्यस्तै, सो टोलीमा नेपालका सेलिना कुँवर, सन्तोष राज, अभिनेत्री केकी अधिकारी, विजय यादव, सुनिल पण्डित, अर्जुन बिसी, सरिता साह, सचना शिवाकोटीलगायतका कलाकार सहभागी हुने जनाइएको छ । ६ फागुनमा आयोजना हुने उक्त कार्यक्रम अन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ आयोजना गरिएको सो महोत्सवको उद्घाटन राष्ट्रपति विद्यादेवी भण्डारी गर्ने आयोजकले बताएको छ ।

कार्यक्रमका लागि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का नेता तथा सोही क्षेत्रका सांसद प्रभु साह र मौलापुर नगरपालिका र एसराज प्रोडक्सन्सले संयोजन गरिरहेका छन् । बाह्र सय वर्ष पुरानो पुरातात्विक महादेव मन्दिर भेटिएपछि महादेवको विशेष अनुष्ठानका लागि मन्दिर परिसरमै महायज्ञको आयोजना गरिएको हो । यो उत्सव फागुन ४, ५ र ६ गते गरी तीन दिनको चल्नेछ ।

# अस्मिताको ‘भन मात्रै’ सार्वजनिक

■ सौर्य समाचार



काठमाडौं । गायिका एवं नेपाली आइडल सिजन-२ की थर्ड रनरअप अस्मिता अधिकारी र गायक गंगाधर पराजुलीको आवाजमा रहेको गीत ‘भन मात्रै’ को भिडियो सार्वजनिक भएको छ । राजकुमार श्रेष्ठको शब्द तथा संगीत रहेको उक्त गीतमा महाराज थापाले संगीत संयोजन गरेका छन् । भिडियोमा मोडल रमेश डाँगी र उषा लिङ्देनको अभिनय छ । सुनिल न्युरेको निर्देशनमा बनेको उक्त भिडियोको सम्पादन अराज केशव र छायांकन टंक केसीले गरेका छन् ।

# २९ माघमा मिसेस एन्ड मिस गुरुङ

■ सौर्य समाचार




काठमाडौं । गुरुङ समुदायको कला, संस्कृति, परम्परा तथा रहनसहनलाई जर्गेना गर्ने लक्ष्यका साथ मिसेस एन्ड मिस गुरुङ २०२० हुने भएको छ । यो प्रतियोगिताको सन्दर्भ पारेर ट्यालेन्ट राउन्डसमेत सम्पन्न गरिएको छ । आगामी २९ माघमा ग्रान्ड फिनाले हुने यस प्रतियोगिताको ट्यालेन्ट सोमा प्रतिस्पर्धीले नृत्य, अभिनयलगायत अन्य कला प्रस्तुत गरेका छन् ।

गुरुङ जातिको कला संस्कृति भेषभूषा, रीतिरिवाज एवं रहनसहनलाई उजागर गर्दै विवाहित तथा अविवाहित गुरुङसेनी, गृहिणी र व्यवसायिक महिलामार्फत सशक्तीकरण तथा सिर्जनात्मक पक्षको विकास गर्ने लक्ष्यका साथ प्रतियोगिता गरिएको आयोजकले जनाएको छ । एस.के. इन्टरटेनमेन्ट प्रालिको आयोजनामा हुन लागेको यस प्रतियोगिता विगत २ वर्षदेखि भएको हुँदै आएको छ ।

विजेताले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको प्रतियोगितामा भाग लिन पाउने तथा चलचित्र, म्युजिक भिडियोलगायतका गतिविधिमा सहभागी हुन पाउने आयोजकले जनाएको छ । प्रतियोगितामा सहभागीलाई एक महिनासम्म विशेष प्रशिक्षण प्रदान गरिँदै आएको छ । उनीहरूलाई सञ्चार दक्षता, एमसिइङ, पब्लिक स्पिकिङ, व्यक्तित्व विकासको कक्षा, आत्मविश्वास अभिवृद्धि गराउने कक्षा, मोटिभेसन क्लास तथा व्यक्तित्व विकाससम्बन्धी विषयमा प्रशिक्षण दिएको जानकारी आयोजक संस्थाकी अध्यक्ष शान्त तामाङले जानकारी दिइन् । प्रशिक्षणको क्रममा प्रतिस्पर्धीलाई फिटनेस, योगा, स्पा, सेल्फ मेकअप क्लास, फेसन क्लासलगायतका गतिविधिमा समेत सहभागी गराइएको थियो । प्रतियोगीले आफूले सिकेको ज्ञानलाई समाजमा प्रतिस्पर्धा गर्न र आफ्नो आत्मविश्वास बढाउन सहयोगी हुने तामाङले बताइन् । उनले यस सौन्दर्य प्रतियोगिताले गुरुङ विवाहित नारी, युवायुवतीबीच व्यक्तित्व विकास र आफूसँग भएको प्रतिभा प्रस्फुटन गरी समाजमा सकारात्मक सन्देश दिन सफल हुने विश्वास लिएको जनाइन् ।

# रानीले सुनाइन् १५ वर्षअघिको कहानी



■ एजेन्सी

मुम्बई । बलिउड चलचित्र ‘ ब्ल्याक’ प्रदर्शनमा भएको १५ वर्ष पुगेको अवसरमा अभिनेत्री रानी मुखर्जीले आफूलाई निर्देशकले खुवाएर सट लिएको बताएकी छन् । उनले भनिन्, ‘भन्सालीले मलाई खुवाउँदै सट लिन्थे ।’ उनले उक्त चलचित्रले आफूलाई जीवनका बारेमा बुझ्न निकै सघाएको जनाएकी छन् ।

उनले भनेकी छन, ‘ यो फिल्मले मलाई जिन्दगीको अर्थ बुझाएको थियो । भन्साली र म दुवै फुडी छौं । यो कुरा भन्सालीलाई थाहा थियो । त्यसैले उनले सधैं मलाई खुवाउँदै राम्रा-राम्रा सट लिने गर्थे ।’ यो चलचित्र प्रदर्शनमा आएको १५ वर्षपछि अभिनेत्री मुखर्जीको यो भनाइ बाहिर आएको हो ।

सन् २००५ फेब्रअरी ४ मा प्रदर्शनमा आएको ‘ ब्ल्याक’ रिलिजको १५ वर्ष पूरा भएका अवसरमा रानीले भारतीय मिडियासँग त्यसबेलाका कहानी सुनाउँदै यस्तो बताएकी हुन् । उनले ‘ब्ल्याक’ आफ्नो जीवनकै सबैभन्दा मनपरेको चलचित्रमध्येको एक भएको समेत जिकिर गरिन् ।

उनले ‘ब्ल्याक’ अभिनेता अमिताभ बच्चनसँगको आफ्नो पहिलो चलचित्र भएको जनाइन् । अभिताभसँगको आफ्नो पहिलो चलचित्र भएकाले आफूलाई बढी मनपरेको उल्लेख गरेकी थिइन् । उनले भनिन्, ‘यो फिल्म मेरा लागि सधैं खास नै रह्यो ।’

चलचित्रले आफूलाई असल साथी दिएको भन्दै उनले ‘ ब्ल्याक’ मा काम गरेपछि सञ्जय भन्साली आफ्नो असल मित्र भएको बताइन् । सो चलचित्रमा अभिनेत्री मुखर्जीको मुख्य भूमिका रहेको छ । भन्सालीको निर्देशन तथा निर्माण उक्त चलचित्र बनेको थियो ।



# विजेता बने दिवस

■ सौर्य समाचार

काठमाडौं । अभिनेता नायक विपिन कार्की र अभिनेत्री लक्ष्मी वर्देवाको मुख्य भूमिका रहेको चलचित्र ‘सेल्फी किङ’ शुक्रबारदेखि प्रदर्शनमा आउने तयारीमा छ । चलचित्रमा अभिनेता कार्कीको गेटअपले दर्शकमा कौतुहलतासँगै उत्साह थपेको छ । दिनेश राउत र सुभाष थापाले बनाएको यो चलचित्रको निर्देशन विशाल सापकोटाले गरेका छन् । एउटा टेलिभिजन कलाकारको ३ दिने यात्राको कथामा आधारित रहेर यो चलचित्र बनाइएको निर्माण पक्षले जनाएको छ । निर्माण पक्षले माघ ५ गतेदेखि ‘हाम्रो सेल्फी किङ’ प्रतियोगिता आयोजना गरेको थियो । उनीहरूले ह्युमर र कमेडी हाउभाउमा खिचिएको सेल्फीमा आफ्नो तस्बिर पठाउन दर्शकसँग आग्रह गरेको थियो ।

सेल्फी पठाएका थुप्रै प्रतियोगीबाट यसका निर्देशक सापकोटा र निर्माता राउतले विजेता छनोट गरेका छन् । प्रतियोगितामा सहभागी दिवस पोखरेलको सेल्फीले पुरस्कार जितेको निर्माण पक्षले जनाएको छ । विजेता दिवसले चलचित्रका तर्फबाट तीन महिनाका लागि अभिनयको कोर्स सिक्न पाउनेछन् । दिवसले निर्देशक अनुप बरालको एक्टर्स स्टुडियोमा उक्त कोर्स लिन पाउने छन् । अन्य १० जनाले भने प्रिमियरको पाससमेत पाएका छन् । इटहरीका दिवसले अभिनय सिक्ने आफ्नो चाहना चलचित्रले पूरा गरेको भन्दै खुसी व्यक्त गरेका छन् ।

सूचना ! सूचना !! सूचना !!!

राष्ट्रिय लोकतान्त्रिक ट्रेड युनियन महासंघ (स्वतन्त्र) द.नं.१० सँग आवद्ध पेसागत संघहरू समावेशी लोकतान्त्रिक होटल तथा रेस्टुरेन्ट मजदुर संगठन, समावेशी लोकतान्त्रिक इँटाभट्टा मजदुर संगठन (स्वतन्त्र) तथा लोकतान्त्रिक स्वरोजगार ट्याक्सी मजदुर संगठन (स्वतन्त्र) को तपसिल बमोजिमका एजेन्डाहरू माथि छलफल गर्नका लागि आह्वान गरिएको संयुक्त विशेष अधिवेशनमा यस पेसासँग आवद्ध सम्पूर्ण मजदुर साथीहरूलाई निम्न मिति र स्थानमा उपस्थितिका लागि अनुरोध छ ।

**छलफलका विषयहरू :**

१. विधान संशोधन तथा नाम परिवर्तन गर्ने सम्बन्धमा
२. कार्य समिति पुनर्गठन सम्बन्धमा
३. विविध

**मिति** : २०७६ माघ २९ गते बुधबार
**स्थान** : ए वन पार्टी प्यालेस, चाबहिल
**समय** : ११:३० बजे

आयोजक
संयुक्त पेसागत संगठन



*छेडागाड नगरपालिका प्रशासकीय केन्द्र मनघाटमा लगाएको गहुँबाली । पश्चिम जाजरकोटको सबैभन्दा बढी धान, गहुँ फल्ने क्षेत्रको रूपमा परिचित छ*

*पूर्वी नवलपरासीको हुप्सेकोट-५ मा रहेको देशकै सबैभन्दा ठूलो धौबादी फलाम खानी क्षेत्रको मंगलबार अवलोकन गर्दै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टलगायतको टोली*



# सिमेन्ट उद्योगको प्रदूषणबाट आजित

■ **रीता लामा**



दाङ । घोराही उपमहानगरपालिका-४ मा सञ्चालित घोराही सिमेन्ट उद्योगबाट निस्कने धुवाँ, धुलो र ध्वनि प्रदूषणलाई नियन्त्रण गर्नेतर्फ कसैले ध्यान नदिँदा अहिले स्थानीयवासी त्यसको विरोधमा उत्रिएका छन् । सिमेन्टको धुवाँ, धुलो र ध्वनिले आजित भएपछि त्यहाँका स्थानीयवासीले उद्योग प्रभावित वातावरण संरक्षण तथा सरोकार समिति नाम दिएर २०७१ सालदेखि निरन्तर आन्दोलन गर्दै आइरहेका छन् ।

घोराही-४ लक्ष्मीपुरका स्थानीयवासी दिलबहादुर घर्तीले उद्योगकै कारण अब खेतीपाती गरेर खान नसकिने अवस्था आएको बताए । 'बारीमा तरकारी रोपे पनि खान मिल्दैन । तरकारीको पातभरि सिमेन्टका धुलो जमेका हुन्छन्', उनले भने, 'पहिले गाउँमा कति धेरै फलफूलहरू उत्पादन हुन्थ्यो तर अब लिची, कागती, आँप सबै फल लाग्दै गर्दा झरेर जान्छन् केही पनि फल्दैन ।'

उद्योग नजिकका स्थानीयवासी एवं वातावरण सरोकार समितिका सदस्य डा. गोविन्द आचार्यले उद्योग चौबिसै घण्टा चल्ने र रातको समयमा बढी ध्वनि र धुवाँ निकाल्ने हुँदा आफूहरूलाई निदाउनै मुस्किल भएको बताए । घोराही सिमेन्ट इन्डस्ट्रिज प्रालिले भने सिमेन्ट उद्योग सरकारले तोकेको मापदन्डमा रही सञ्चालनमा रहेको दाबी गरेको छ । स्थापनाकालमा एक हजार २०० मेट्रिक टन प्रतिदिन सिमेन्ट उत्पादन गर्ने उद्योगले अहिले दैनिक दुई हजार मेट्रिक टन उत्पादन गर्न थालेको छ । सगरमाथा सिमेन्टका नाममा उद्योगले अहिले आफ्नो उत्पादन बजारमा पठाउँदै आएको छ ।

उद्योगनजिकै रहेको डाडाँगाउँ माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टंक सुनारले उद्योग स्थापनापछि विद्यार्थीमा शरीर चिलाउने, रूघाखोकी बढी लाग्ने जस्ता समस्या देखिएको बताए । उद्योग छेउमै रहेको स्वास्थ्य चौकीमा पनि यसखालका बिरामी धेरै आउने गरेको स्वास्थ्यकर्मी बताउँछन् । सिमेन्ट उद्योगका जनप्रशासन प्रमुख विकास शर्माले सिमेन्ट उद्योग सरकारबाट तोकिएको मापदन्डको पूर्ण दायरामा रही सञ्चालनमा रहेको बताए । उनले आफूहरूले स्थानीय नागरिकलाई क्षमता र सीपका आधारमा रोजगारी दिने, सामाजिक उत्तरदायित्व बहन गर्ने, वातावरणीय प्रभाव मूल्यांकनमा सजग रही वृक्षरोपणलगायत प्रदूषण नियन्त्रणमा अत्यन्तै गम्भीर भई सिमेन्ट उद्योग सञ्चालन भइरहेको बताए ।

सिमेन्ट उद्योगका जनप्रशासन प्रमुख शर्माले पछिल्लो समय उद्योगको क्षमता बढाएर चार हजार मेट्रिक टन प्रतिदिन उत्पादन गर्ने लक्ष्यअनुरूप हालै सरकारबाट इजाजत लिएर काम शुरू गरिएको जानकारीसमेत दिए । यस विषयमा घोराही उपमहानगरपालिकाका नगरप्रमुख नरूलाल चौधरीले उद्योगले कानुनी प्रक्रिया शतप्रतिशत पालना गरेर सञ्चालन गरेको भए पनि यसका व्यावहारिक पक्षलाई बुझेर उद्योग सञ्चालनमा ध्यान दिनुपर्ने बताए ।

प्रजिअ गोविन्दप्रसाद रिजालले पटकपटक जनगुनासो बढेको हुँदा अनावश्यक रूपमा निस्कने धुलो, धुवाँ र ध्वनि प्रदूषणको तत्काल वैकल्पिक व्यवस्था गर्न निर्देशन उद्योगलाई निर्देशन दिएको बताए । उद्योगले वातावरणीय प्रभावको असर कम गर्न विभिन्न प्रयास गरिरहेको, प्लान्ट जडान गर्दा प्रदूषण कम गर्ने उपकरण जडान गरेको दाबी गरेका हुँदा आफूले त्यसको अनुगमन गर्ने बताउनुभयो । करिब चार अर्बको लगानीमा २०६२ सालमा घोराही सिमेन्ट उद्योग स्थापना भएको थियो ।

# नेपाल टेलिकमले मनायो १६औँ वार्षिकोत्सव

■ **सौर्य समाचार**

काठमाडौं । नेपाल टेलिकमले आफ्नो स्थापनाको १६औं वार्षिकोत्सव विविध कार्यक्रमका साथ सम्पन्न गरेको छ । कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाले नेपाल टेलिकमले पूर्व योजनाबमोजिम नै ठूला आयोजना कार्यान्वयनमा प्राथमिकता दिएको तथा एक वर्षको अवधिमा फोरजी मोबाइल सेवा ७७ वटै जिल्लामा विस्तार गरेकोमा खुसी व्यक्त गरे । उनले एफटिटीएच प्रविधिको विस्तार र अप्टिकल फाइबर परियोजना निर्धारित अवधिमै सम्पन्न गर्नुपर्ने र कम्पनीले प्रदान गरेका सेवाहरूमा गुणस्तर कायम गरी सेवाग्राहीको सन्तुष्टिलाई प्राथमिकताको विषय बनाउनुपर्ने बताए ।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा कम्पनीको सञ्चालक समितिका अध्यक्ष दीपक सुवेदीले टेलिकमले अब समयानुकुल विभिन्न स्मार्ट सेवाहरू वितरण गर्ने र अत्याधुनिक प्रविधिका सेवाहरू गुणस्तरसहित प्रदान गरी ग्राहकको मन जित्नुपर्ने बताए । उनले यसका लागि बजारको प्रतिस्पर्धामा अब्बल ठहरिने गरी योजना कार्यान्वयन गरिने र गुणस्तरीय सेवा उपलब्ध गराइने बताए ।

नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले प्राधिकरणसँगको सम्झौताअनुसार एक वर्षको अवधिमा कम्पनीले ग्रामीण दूरसञ्चार विकास कोषको प्रयोग गरी विभिन्न स्थानमा अप्टिकल फाइबर बिछ्याउने कार्यमा हासिल गरेको उपलब्धिप्रति सन्तोष व्यक्त गर्दै पूर्ण क्षमतामा प्रयोग नभएका पूर्वाधारहरू सहप्रयोग गर्न पनि नेपाल टेलिकम तयार हुनुपर्ने सुझाब दिए ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले कम्पनीको समग्र अवस्था बारेमा जानकारी गराउँदै सम्झौता भएको एक वर्षभित्रै देशभर फोरजी विस्तार गर्ने महत्वाकांक्षी र चुनौतीपूर्ण लक्ष्य अनुरूप यसै साता देशका ७७ वटै जिल्लामा फोरजीको पहुँच पुऱ्याइएको बताए । उनले स्थानीय टेलिफोन सेवाको रूपान्तरणको लागि एफटिटिएच परियोजनालाई अगाडि बढाइएको र निकट भविष्यमा आइपिटिभी सेवासमेत एफटिटिएचमार्फत प्रदान गरिने बताए ।

## कर्पोरेट

### प्रभु बैंकले थप्यो तीन शाखा



काठमाडौं । प्रभु बैंकले थप शाखा सञ्जाल सहित आफ्नो बैंकिङ सेवा विस्तार गर्ने क्रममा कास्की जिल्लाको पोखरा महानगरपालिका वडा २, १३ र २६ मा एकैसाथ ३ वटा शाखा कार्यालयहरू सञ्चालनमा ल्याएको छ । पोखरा महानगरपालिकाको वडा २ स्थित हरिचोक शाखा कार्यालयको बैंकका गन्डकी प्रदेश प्रमुख व्यवसाय अधिकृत शान्ति शेरचनले एक समारोहका बीच उद्घाटन गरिन् । पोखरा महानगरपालिकाको वडा १३ स्थित बाँझापाटन शाखा कार्यालयको पोखरा महानगरपालिका वडा १३ का वडाध्यक्ष लेखबहादुर तामाङ्गले र अर्घौंचोक शाखा कार्यालयको लेखनाथ उद्योग वाणिज्य संघ पोखराका अध्यक्ष बलराम ढकालले उद्घाट्न गरे ।

पोखरा महानगरपालिकाकामा सञ्चालनमा ल्याएका थप ३ वटा शाखा कार्यालयहरू पश्चात् अब प्रभु बैंकको शाखा कार्यालय संख्या २०८ पुगेको छ भने हालसम्म बैंकले १५७ वटा एटिएम, ४३ वटा एक्स्टेन्सन काउन्टरहरूको सञ्जाल सहित देशका विभिन्न १७ स्थानमा शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याई सर्वसाधारणहरूलई अत्याधुनिक प्रविधियुक्त गुणस्तरीय बैंकिङ सेवा प्रवाह गरिरहेको छ । सञ्चालनमा आएका प्रभु बैंक लि. पोखरा महानगरपालिकास्थित हरिचोक शाखा कार्यालय, अर्घौंचोक शाखा कार्यालय र बाँझापाटन शाखा कार्यालयबाट स्थानीय सेवाग्राही, सर्वसाधारणहरू, फर्म, कम्पनी तथा संघ संस्थाहरूले बैंकको गुणस्तरीय सेवा उपभोग गरी लाभान्वित हुनेछन् र समग्र पोखरा महानगरपालिकको आर्थिक विकासमा टेवा पुग्नेछ भन्ने बैंकले विश्वास लिएको छ ।

### 'सिटिजन्स स्मार्ट बचत खाता' सञ्चालनमा

Citizens Bank

काठमाडौं । सर्वसाधारणलाई गुणस्तरीय सेवा तथा सुविधा दिँदै आएका यस सिटिजन्स बैंकइन्टरनेसनल लिमिटेडले युवावर्ग तथा प्रविधिमैत्री व्यक्तिहरूलाई लक्षित गर्ने अभिप्रायका साथ 'सिटिजन्स स्मार्ट बचत खाता' को शुभारम्भ गरेको छ । यस निक्षेप योजनाअन्तर्गत व्यक्तिगत ग्राहकले यो खाता बैंकको कुनै पनि शाखामार्फत शून्य मौज्दातमा खोल्न पाउने छन् । यस खाताअन्तर्गत ग्राहकले नि:शुल्क अन्तर शाखा कारोबार, अनलाइन कारोबार गर्न सुरक्षित थ्री डि सेक्युअर प्रविधिमा नि:शुल्क दर्ता तथा नि:शुल्क डिम्याट खाता खोल्न पाउने जस्ता अनेकन आकर्षक

योजनाअन्तर्गत ग्राहकहरूले डेबिट कार्ड, ई-बैकिङ र मोबाइल बैंकिङमाप्रत्येक वर्षको बार्षिक शुल्कमा ५० प्रतिशत छुट पाउनेछन् । यस खाताबाहककहरूले जुनसुकै एटिएमबाट पैसा निकाल्दा शुल्क लाग्ने छैन । दैनिक मौज्दातमा ६ प्रतिशत ब्याज गणना गरी त्रैमासिक रूपमा भुक्तानी गर्नु यस योजनाको प्रमुख विशेषता रहेको बैंकले जानकारी दिएको छ । या खाता पूर्ण रूपमा डिजिटल प्रविधि तथा कागजरहित (वातावरणमैत्री) हुने भएकोले यस खातामा बैकले चेक बुक तथा बैक स्टेटमेन्ट भने उपलब्ध गराउने छैन । यस निक्षेप योजनाबाट बैंकका ग्राहहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

### हेटौंडामा होन्डाको नयाँ सोरुम

HONDA

काठमाडौं । होन्डा मोटरसाइकल, स्कूटर तथा गाडीका लागि नेपालको एकमात्र अधिकृत बिक्रेताका साथै ज्योति ग्रुपको एक अग्रणी कम्पनी, स्याकार ट्रेडिङ कम्पनी प्रालिले रूद्रपथ, हेटौंडामा होन्डा बाइकको लागि आफ्नो नयाँ थ्रि एस डिलरशिप 'टाइमस् अटोहब प्रालि' को उद्घाटन गरेको छ । मकवानपुरमा अवस्थित होन्डाको एकमात्र आधिकारिक उक्त सोरूमलाई मकवानपुर उद्योग वाणिज्यका अध्यक्ष कृष्ण कटुवाल, स्याकार ट्रेडिङका लागि होन्डा मोटरसाइकलका जेनेरल म्यानेजर सोहन श्रेष्ठ र स्याकार ट्रेडिङका लागि स्पेयर पार्टस्का जेनेरल म्यानेजर मुकुन्द श्रेष्ठले संयुक्तरूपमा उद्घाटन गरे ।

ग्राहकका लागि बिक्री, सर्भिस र स्पेयर्स पार्टस्मा उच्चस्तरीय सेवा प्रदान गर्न टाइमस् अटोहब प्रतिबद्ध रहेको छ । होन्डाका ग्राहकहरूले अब नेपालकै सबैभन्दा सस्तो ९ दशमलव ९९ प्रतिशतको ब्याजदरमा सरल र सहज हिसाबले 'सोही दिन कर्जा सुविधा'समेत प्राप्त गर्न सक्नेछन् । सोही अवसरमा प्रबन्धक निर्देशक शिवराम श्रेष्ठले टाइमस अटो हब, ग्राहकहरूको अपेक्षा पूरा गर्न हरेक पल तत्पर रहेको जानकारी गराए ।

### सिद्धार्थ बैंकले थप्यो शाखा

Siddhartha Bank

काठमाडौं । सिद्धार्थ बैंकले बाँके अवस्थित न्यूरोड नेपालगञ्ज शाखा र बिपी चोक शाखाको औपचारिक उद्घाटन सम्पन्न गरेको छ । बैंकको न्यूरोड नेपालगञ्ज शाखाको नेपालगञ्ज उप(महानगरपालिकाका उप(मेयर उमा थापा मगर र नेपाल राष्ट्र बैंक नेपालगञ्ज शाखाका निर्देशक मुक्तिनाथ सापकोटाबाट संयुक्तरूपमा उद्घाटन गरे । त्यस्तै, बिपी चोक शाखाको उद्घाटन नेपालगञ्ज

बैंक नेपालगञ्ज शाखाका निर्देशक मुक्तिनाथ सापकोटाबाट संयुक्त रूपमा उद्घाटन गरे । बैंकले न्यूरोड नेपालगञ्ज शाखा १६ पौष ०७६ र बिपी चोक शाखा ९ भाद्र ०७६ देखि नै सञ्चालन गरी कारोबार गर्दै आएको थियो । सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुऱ्याउने उद्देश्यले बैंकले देशभर १८० वटा शाखा (३ एक्स्टेन्सन् काउन्टरसहित), १०१ शाखा रहित बैंकिङ सेवा, २०३ एटिएममार्फत सेवा प्रदान गर्दै आएको छ ।

### दरबार स्क्वायरमा रावा बैंकको एटिएम



काठमाडौं । राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले भक्तपुर दरबार स्क्वायर क्षेत्रमा महानगरिय प्रहरी परिसर तथा जिल्ला प्रशासन कार्यालयको प्रांगणमा एटिएमसेवा सञ्चालनमा ल्याएको छ । उक्त एटिएम सेवाको भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिले बुधबार एक समारोहकाबीच उद्घाटन गरे । सो अवसरममा उनले नेपालको सांस्कृतिक तथा पुरातात्विक महत्वको विश्व सम्पदा सूचिमा रहेको भक्तपुर दरबार स्क्वायर क्षेत्रमा सरकारी बैंकको सेवाले यस क्षेत्रको महत्व बढेको र अन्य सम्भावित क्षेत्रमा पनि बैंकिङ सेवा दिनुपर्ने बताए ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले संभावित क्षेत्रमा बैंकिङ सेवा दिने बताउँदै उक्त एटिएमबाट चौबिसै घण्टा सेवा उपलब्ध हुने बताए । बैंकले हाल ७७ जिल्लामा रहेको २३८ वटा शाखा कार्यालय, २०५ वटा एटिएम र ९३ वटा शाखा रहित बैंकिङबाट सवा प्रदान गर्दै आइरहेको छ ।

### खाना जे होला स्वाद बढाउन कोका-कोला




काठमाडौं । कोका-कोला मो:मो:उत्सव नेपालमा पाचौं संस्करणको

कोला मो:मो:उत्सव एक पर्व हो जसले नेपालीहरूको प्रिय पेय पदार्थ र लोकप्रिय खाना अर्थात् कोक र म:म: को उत्कृष्ट संयोजन गर्दछ । विगत चार वर्षको सफलताका साथ मो:मो: उत्सवमा यस वर्ष आइकोनिक म:म: मात्र नभएर नेपालको सबै परिकारका लोकप्रिय खानाहरूको संयोजन गरिएको छ । यो अभियानको ट्यागलाइन 'खाना जे होला स्वाद बढाउन कोका-कोला' रहेको छ, जसको अर्थ खाना जे भएपनि कोका-कोलाले त्यसको स्वाद बढाएर कुनै पनि क्षणहरूलाई उत्सवमा परिवर्तन गर्दछ ।

कोका-कोलासँग विभिन्न परिकारका खानाहरूको उत्सव मनाउँदै, आफ्ना उपभोक्ताहरूलाई हृदयमा राखेर, खाना र नेपाली संस्कृतिको महत्वमा केन्द्रित रहेर कोका-कोलाको नयाँ अभियान उपभोक्ता केन्द्रित रहेको छ । यस अभियानमा विभिन्न लोकप्रिय अभिनेत्री साम्राज्ञी, आरएल शाह र एलिशा राई र गायिका केन्जल श्रेष्ठ, जेय अथर र आइजेन सामेल छन् ।

### एनआइसी एसिया र सूर्या लाइफबीच सम्झौता

NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

काठमाडौं । एनआइसी एसिया बैंकको विभिन्न डिजिटल भुक्तानी सेवाहरूको प्रयोग गरि सूर्या लाइफ इन्स्योरेन्सको बिमा शूल्क, पोलिसी लोनको ब्याज, किस्ता लगायत विभिन्न शुल्क बुझाउन सकिने गरि दुई कम्पनीबीच समझदारी भएको छ । उक्त समझदारीपत्रमा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपाने ज्यू र सूर्या लाइफ इन्स्योरेन्स कम्पनीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डेले हस्ताक्षर गरे । बैंकले डिजिटल भुक्तानीलाई व्यापकता दिँदै आइरहेकामा पछिल्लोपटक सूर्या लाइफ इन्स्योरेन्ससँगको समझदारीले ग्राहकहरू थप लाभान्वित हुने भएका छन् । उक्त समझदारी अनुसार सूर्या लाइफका ग्राहक महानुभावहरूले यस बैंकका क्युआर कोड, कार्ड पस इन्टरनेट बैंकिङ, मोबाइल बैंकिङलगायत विभिन्न डिजिटल भुक्तानी माध्यमहरूको प्रयोग गरि रकम भुक्तानी गर्न सकिनेछ ।

यस समझदारीपश्चात् सेवाग्राहीले ठूलो नगद रकम बोक्ने झन्झटबाट मुक्ति पाउनेछन् । साथै, आगामी दिनहरूमा बैंकले सञ्चालनमा ल्याउने इन्टरनेट भुक्तानी गेटवेलगायत अन्य डिजिटल सेवासमेत सूर्या लाइफ इन्स्योरेन्सका ग्राहकहरूलाई उपलब्ध गराइनेछ । विश्वमा बैंकहरूले डिजिटल सेवालाई जोड दिइरहेकोमा एनआइसी एसियाले पनि यसैगरी डिजिटल भुक्तानीलाई बढाउँदै लानेछ । बैंकले हाल मुलुकभर ३१३ शाखा कार्यालयहरू, ४४१ एटिएम, १०४ वटा एक्स्टेन्सन काउन्टर एवं ४८ वटा शाखारहित बैंकिङमार्फत बैंकिङ सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल

www.souryadaily.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४

सौर्य खेलकुद



नेपाल पौडी संघको आयोजना तथा पौडीको अन्तर्राष्ट्रिय संस्था फिनाको प्राविधिक सहयोगमा बुधबारदेखि फिना टेक्निकल अफिसियल क्लिनिक सुरू भएको छ

काठमाडौं विनायक शिक्षालय (केभीएस) चौथो प्याब्सक कप अन्तरविद्यालय छात्र फुटसल प्रतियोगितामा बुधबार क्वाटरफाइनलमा प्रवेश गरेको छ



# नेपाल ओमानसँग पराजित



**सौर्य समाचार**

काठमाडौं । आईसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत त्रिकोणात्मक सिरिजको पहिलो खेलमा नेपाल ओमानसँग पराजित भएको छ । त्रिवि क्रिकेट मैदानमा बुधबार भएको ऐतिहासिक खेलमा नेपाल ओमानसँग १८ रनले पराजित भएको हो ।

ओमानले दिएको १ सय ९८ रनको लक्ष्यसहित जवाफी ब्याटिङ गरेको नेपाल ४६ ओभर ५ बलमा अलआउट हुँदै १ सय ७९ रनमा समेटियो । शरद भेषावाकरले ५५ रनको अर्धशतकीय इनिङ्स खेलेपनि नेपालले जित निकाल्न सकेन । ९६ बलमा अर्धशतक बनाएका शरदले १ सय ८ बलमा पाँच चौका प्रहार गरे ।

एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा अर्धशतक बनाउने शरद छैटौं खेलाडी हुन् । यस्तै शरद घरेलु मैदानमा एकदिवसीय अन्तर्राष्ट्रियमा अर्धशतक पूरा गर्ने पहिलो खेलाडी बने । यस्तै दिपेन्द्र सिंह ऐरीले ३६ रन जोड्दा सन्दीप लामिछानेले २८ रन बनाए ।

यस्तै विनोद भण्डारीले २६ रन बनाए । कप्तान ज्ञानेन्द्र मल्ल १ रनमा आउट हुँदा पारस खड्का ३ रनमा पेभेलियन फर्किए । सुशन भारी ८ रनमा आउट हुँदा अविनाश बोहोरा ८ रनमा अविजित रहे । आरिफ शेख ६ रनमा आउट हुँदा रोहित कुमार पौडेल र करण केसी शून्य रनमा आउट भए ।

ओमानका जिशन मक्सुदले ३ विकेट लिए । यस्तै बिलाल खान र कलिम उल्लाले समान २-२ विकेट लिए । खराब सुरुआत गरेको नेपालले पहिलो विकेटको रूपमा कप्तान ज्ञानेन्द्र सर्ट मिड अनमा कलिमउल्लाको बलमा मोहमद नदीमको हातबाट क्याच भए । दोस्रो विकेटको रूपमा पारसको एज लागेको बल विकेटकिपर सुरज कुमारले सजिलै क्याच लिए । उपकप्तान दिपेन्द्रलाई एलबीडब्लुको धरापमा परे । आरिफ शेखलाई जसन मक्सुदले कट एन्ड बोल्ड गरे गर्दा लगत्तै रोहितलाई स्लिपमा क्याच गराए ।

सर्ट कभरमा सजिलै क्याच भएका विनोद छैठौं विकेटको रूपमा सिकार बने । करणलाई कलिम उल्लाले मिड विकेटको क्षेत्रमा नसिम खुसीको हातबाट आउट भए । सर्वाधिक रन बनाएका शरद भेष्वाकर अकिबको बलमा बोल्ड हुँदा सन्दीप मक्सुदको बलमा खबरको हातबाट आउट भए । अन्तिम विकेटको रूपमा सुशन भारी बिलाल खानको बलमा विकेटकिपर सुरजको हातबाट क्याच आउट भए ।

यस अघि टस हारेर पहिले ब्याटिङ गरेको ओमानले ५० ओभरमा ९ विकेट गुमाएर १ सय ९७ रन बनाएको थियो ।

ओमानका लागि मोहमद नदीमले अविजित रहँदै ६९ अर्धशतकीय इनिंग्स खेले । उनले ९६ बलमा ५ चौका र २ छक्का प्रहार गरे । सन्दीप गौदले ३३ रन जोड्दा कप्तान जसन मसुदले २० रन बनाए । त्यस्तै ओमानका अकिब अयासले १६ रन बनाउनु बाहेक अन्य खेलाडीले दोहोरो अंक छुन सकेनन् । नेपालका करण केसीले ४ विकेट लिए । डेब्यु खेलाडी सुशन भारीले ३ विकेट हात पारे । यस्तै दिपेन्द्र सिंह ऐरीले १ विकेट हात पारे । सन्दीप लामिछाने भने विकेटविहीन बनेका छन् ।

पहिलो ओभरको अन्तिम बलमा करणले ओमानका जितेन्दर सिंहलाई ४ रनमा बोल्ड गरे । यस्तै दोस्रो विकेटको रूपमा करणले सातौं ओभरको चौथो बलमा खबर अलीलाई ५ रनमा किपर विनोद भण्डारीको हातबाट क्याच गराए ।

१३ औं ओभरमा छिटो रन लिने क्रममा दिपेन्द्रले अकिब अयासलाई रन आउट गरे । यस्तै डेब्यु खेलाडी सुशनले आफ्नो पहिलो ओभरमा जसन मसुद र सुरार कुमारलाई आउट गर्दै ओमानको इनिङ धरापमा पारेका थिए ।

सुशनले मसुदलाई एलबीडब्लु र सुरजलाई कप्तान ज्ञानेन्द्र मल्लको हातबाट क्याच गराए । तर, पाँचौं विकेटका लागि महोमद नदीम र सन्दीप गौडले ६० रनको अर्धशतकीय रनको साझेदारी गर्दै ओमानको इनिङ उकासेका थिए । उत्कृष्ट ब्याटिङ गरिरहेका सन्दीपलाई सुशनले विनोदको हातबाट स्टम्पिङ गराएर उनीहरूको साझेदारी तोडेका थिए । यस्तै बादल सिंहलाई ४ रनमा दिपेन्द्रले रोहित पौडेलको हातबाट सर्ट कभरमा क्याच गराए ।

आठौं विकेटको रूपमा नशिम खुशीलाई करणले शरद भेषवाकरको हातबाट सर्ट थर्ड म्यानमा आउट पारे । सोहि ओभरमा करणले कलिमउल्लालाई विनोद हातबाट आउट गरे । यससँगै विश्वकप छनोटअन्तर्गत रहेको लिग-२ मा नेपालले हारबाट सुरुआत गरेको छ । अब नेपालले अमेरिकासँग शनिबार अमेरिकासँग खेल्नेछ । नेपाललाई हराएसँगै ओमान लिगको दोस्रो स्थानमा उक्लिएको छ । ओमानले ५ खेलमा १० अंक जोडेको छ । अमेरिका ६ खेलमा १२ अंकसहित शीर्ष स्थानमा रहेको छ ।

# जेभियर र ज्ञान निकेतन च्याम्पियन



**सौर्य समाचार**

काठमाडौं । जेभियर इन्टरनेसनल कलेज र आयोजक ज्ञान निकेतन १९ औं ज्ञान निकेतन बास्केटबल प्रतियोगितामा बुधबार च्याम्पियन बनेका छन् ।

जेभियर प्लस टु ब्वाइज तथा ज्ञान निकेतन स्कुलतर्फ ब्वाइजमा च्याम्पियन बनेका छन् ।

प्लस टु फाइनलमा जेभियरले गोल्डेनगेटलाई ३७-३४ ले पराजित गर्यो । जेभियरले फाइनल खेलेको यो लगातार चौथो पटक हो । अघिल्ला तिनै फाइनलमा जेभियर उपविजेतामा सीमित भएको थियो । जेभियरको जितमा लियुश केसीले १५ अंक योगदान गरे ।

दोश्रो क्वाटरको समाप्तिसम्म १७-२१ ले पछि परेको स्थितिलाई उल्ट्याउँदै जेभियर उपाधि जित्न सफल भयो । जेभियर पहिलोमा १०-१३ र दोश्रोमा ७-९ ले पछि थियो ।

जेभियरले तेश्रोमा ८-५ र चौथोमा १२-७ को अग्रता बनाउँदै उपाधि सुनिश्चित गर्यो । स्कुलको उपाधि डिभन्तमा डिफेन्डिङ च्याम्पियन ज्ञान निकेतनले नेरिक एकेडेमीलाई ६२-४३ ले हराउँदै उपाधि रक्षा गर्यो । ज्ञान निकेतनका विवेक यादवले १४ स्कोर गरे । पहिलो क्वाटरमा १३-१४ ले पछि परेको ज्ञान निकेतनले दोश्रोमा उत्कृष्ट प्रदर्शन गर्दै २५-५ अंक जोड्यो । ज्ञान निकेतनले तेश्रोमा १४-१२ र चौथोमा १०-१२ अंक जोड्यो ।

फाइनलका सर्वाधिक स्कोरकर्ताद्वय लियुश र विवेक 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए । विजेतालाई नेपाल बास्केटबल संघका कार्यवाहक अध्यक्ष होम दोङ, सचिव फणिन्द्रमान श्रेष्ठ, ज्ञान निकेतनका प्रिन्सिपल शेरबहादुर कुँवर, संरक्षिका लीला कुँवर, प्रमुख कार्यकारी अधिकृत विश्वजित कुँवर र ज्ञान निकेतनका को-ओर्डिनेटर सञ्जयजित कुँवरले एक कार्यक्रमबीच पुरस्कृत गरे ।

सो अवसरमा ज्ञान निकेतनका सुरुआतका प्रशिक्षक निरञ्जन सत्याललाई नगदसहित सम्मान गरिएको थियो । माघ १४ गतेदेखि सुरु प्रतियोगिताको प्लस टुतर्फ १६ तथा स्कुलतर्फ ८ टिम सहभागी थिए ।

# भक्तपुरका खेलाडी सम्मानित

**सौर्य समाचार**



काठमाडौं । भक्तपुर जिल्ला समन्वय समिति तथा भक्तपुर जिल्ला खेलकुद विकास समितिद्वारा भक्तपुरका खेलाडी बुधबार नगदसहित सम्मान गरेको छ ।

नेकपाका संघीय सांसद् महेश बस्नेतले खेलाडीलाई पुरस्कृत गरे । दुई महिना अघि सम्पन्न १३ औं दक्षिण एसियाली खेलकुद (साग) का दोहोरो स्वर्ण पदक विजेता मण्डेकाजी श्रेष्ठलाई ३० हजार रूपैयाँबाट सम्मान गरियो । त्यस्तै सागका स्वर्ण पदक विजेता उसुकी सुष्मिता तामाङ, तेक्वान्दोकी काजल श्रेष्ठ लाई समान २५ हजार रूपैयाँ प्रदान गरियो ।

सागका रजत पदक विजेता टेबुल टेनिस खेलाडी शिव शुन्दर गोथे, कबड्डीकी यसोधा गिरी, ह्यान्डबलकी देव कुमारी बास्कोटाले समान २० हजार रूपैयाँ प्राप्त गरे । कांस्य पदक विजेता भारोत्तोलनकी लक्ष्मी बन, जुडोका शिव राम मकाजु, बास्केटबलका विक्रम जोशीले १५ हजार रूपैयाँ प्राप्त गरे । सोही ओलम्पियन कान्छीमाया कोजु लाई पनि १० हजार रूपैयाँसहित सम्मान गरिएको थियो ।

## अन्तर्राष्ट्रिय वरीयतामा नेपाली भलिबल

# महिला ८७ र पुरुष १३८औं स्थानमा

**सौर्य समाचार**



काठमाडौं । नेपाली महिला र पुरुष भलिबल टिम अन्तर्राष्ट्रिय वरीयतामा समेटिएका छन् । विश्व भलिबलको सर्वोच्च संस्था एफबईभीबीले अन्तर्राष्ट्रिय वरीयतामा नेपाली महिला र पुरुष भलिबल टिम समावेश गरेको हो । वरीयतामा नेपाली महिला टिम ८७ औं र पुरुष १३८ औं स्थानमा परेका छन् ।

८७ औं स्थानमा समेटिएको नेपाली महिला भलिबलको ५७ अंक छ । त्यस्तै, चीन पहिलो र अमेरिका दोस्रो वरीयतामा पर्न सफल भएका छन् ।

पछिल्लो समय अन्तर्राष्ट्रियस्तरमा राम्रो प्रदर्शन गरिरहेको महिला टोलीले पहिलो एभीसी महिला सेन्ट्रल जोन जितेको थियो भने १३ औं सागमा रजत जितेको थियो ।

त्यसैगरी पुरुषतर्फको नेपाली भलिबल टिम १३८ औं स्थानमा छ । एफआईभीबीले पुरुषतर्फ ८३ औं स्थानदेखि तलका टिम सबैलाई ५० अंक दिएर वरीयतामा समावेश गरेको जनाएको छ । पुरुषतर्फ ब्राजिल पहिलो र पोल्यान्ड दोस्रो स्थानमा छन् ।

# पिएसजीको फराकिलो अग्रता

**एजेन्सी**

लन्डन । साविक विजेता पेरिस सेन्ट जर्मन (पीएसजी) ले फ्रेन्च लिग वानको शीर्ष स्थानमा फराकिलो अग्रता बनाएको छ । मंगलबार राति भएको खेलमा पीएसजीले नान्टेसलाई २-१ गोलले हरायो । प्रतिस्पर्धात्मक खेलमा पीएसजीलाई जिताउन माउरो इकार्डी र थिलो केहरले गोल गरे । नान्टेसका मोसेस सिमोनले एक गोल फर्काएका थिए । इकार्डीले २९औं मिनेटमा गोलगर्दै पीएसजीलाई अग्रता दिलाए । केहरले ५७औं मिनेटमा गोलगर्दै पीएसजीको अग्रता दोब्बर बनाएका थिए ।

नान्टेसका सिमोनले ६८औं मिनेटमा गोल गरेपनि टोलीको हार टार्न सकेनन् । छातीका चोट लागेर घाइते भएका नेयमारले यस खेल खेलेका थिएनन् । नेयमारको स्थानमा एन्जल डी मारियाले खेलेका थिए ।

जितसँगै शीर्षस्थानमा रहेको पीएसजी दोस्रो स्थानमा रहेको मार्सेभन्दा १५ अंकले अगाडी छ । पीएसजीको २३ खेलबाट ५८ अंक छ । दोस्रो स्थानमा रहेको मार्सेले ४३ अंक बनाएको छ । मार्सेलीले एक खेल कम खेलेको छ । पीएसजीसँग हारेको नान्टेस ३२ अंक सहित १०औं स्थानमा छ ।

राष्ट्रिय अखण्डता, सामाजिक मर्यादा भेदभावरहित सत्य तथ्य सूचनाको सम्प्रेषण, शान्ति प्रवर्द्धनमा अग्रसर हुनु हामी सबैको कर्तव्य हो ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# भारतमाथि न्युजिल्यान्डको शानदार जित

**एजेन्सी**



न्यूजिल्यान्ड । घरेलु टोली न्युजिल्यान्डले पहिलो एक दिवसीय खेलमा भारतलाई ४ विकेटले पराजित गरेको छ । भारतले प्रस्तुत गरेको ३ सय ४८ रनको विशाल लक्ष्य न्युजिल्यान्डले ४८ दशमलव १ ओभरमा ६ विकेट गुमाउँदै पुरा गर्यो । न्युजिल्यान्डको जितमा अनुभवी ब्याट्सम्यान रस टेलरले १ सय ९ रनको शतकीय अविजित इनिङ खेले ।

टेलरको यो ओडीआई करिअरको २१ औं शतक हो । टेलरले ८४ बलमा १० चौका र ४ छक्का प्रहार गरे । न्युजिल्यान्डलाई ओपनर मार्टिन गुप्टिल र हेनरी निकोलसले १५ दशमलव ४ ओभरमा ८५ रनको साझेदारी गर्दै राम्रो सुरुआत दिलाएका थिए । गुप्टिललाई शार्दूल ठाकुरले केधार जादवबाट ३२ रनमा क्याच गराए ।

हेनरी निकोलस ८२ बलमा ११ चौका सहित ७८ रनमा रन आउट भए । कप्तान टम लेथमले ४८ बलमा ८ चौका र २ छक्का सहित ६९ रनमा क्याच आउट भए । चौथो विकेटका लागि लेथम र टेलरले १ सय ३८ रनको शतकीय साझेदारी गरेपछि न्युजिल्यान्डको जित सहज बनेको थियो । भारतका कुलदीप यादव २, शार्दूल ठाकुर र मोहम्मद शामीले १-१ विकेट लिए ।

त्यसअघि टस हारेर ब्याटिङ थालेको भारतले निर्धारित ५० ओभरमा ४ विकेट गुमाउँदै ३ सय ४७ रन बनाएको थियो । युवा ब्याट्सम्यान श्रेयस ऐरले १ सय ७ बलमा ११ चौका र १ छक्कासहित १ सय ३ रनको शतकीय इनिङ खेले । श्रेयरको यो ओडीआई करिअरको पहिलो शतक हो ।

लोकेश राहुल ६४ बलमा ६ छक्का र ३ चौका सहित ८८ रनमा अविजित रहे । पृथ्वी शा २०, मयंक अग्रवाल ३२, कप्तान विराट कोहली ५१ रनमा आउट भए । न्युजिल्यान्डका टिम साउथीले २, कोलिन डी ग्रान्डहोम र ईश सोधीले १-१ विकेट लिए । तीन ओडीआई सिरिजअन्तर्गत दोस्रो खेल शनिबार हुनेछ ।